नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय

International Labour Organization

# नेपालको सामाजिक सुरक्षा क्षेत्रबारे विश्लेषणात्मक जानकारी पत्र



# नेपालको सामाजिक सुरक्षा क्षेत्रबारे विश्लेषणात्मक जानकारी पत्र

Copyright © International Labour Organization and Ministry of Labour and Employment of Nepal 2017

**First published 2017**

Publications of the International Labour Office enjoy copyright under Protocol 2 of the Universal Copyright Convention. Nevertheless, short excerpts from them may be reproduced without authorization, on condition that the source is indicated. For rights of reproduction or translation, application should be made to ILO Publications (Rights and Licensing), International Labour Office, CH-1211 Geneva 22, Switzerland, or by email: rights@ilo.org. The International Labour Office welcomes such applications.

Libraries, institutions and other users registered with a reproduction rights organization may make copies in accordance with the licences issued to them for this purpose. Visit www.ifrro.org to find the reproduction rights organization in your country.

---

Khadka, Rup

An analytical briefing on the social security sector in Nepal / Rup Khadka; International Labour Organization and Ministry of Labour and Employment of Nepal. Kathmandu: ILO and Ministry of Labour and Employment of Nepal, 2017

ISBN: 9789228312874; 9789228312881 (web pdf)

International Labour Organization and Ministry of Labour and Employment of Nepal

social security / social security planning / Nepal

02.03.1

Also available in English: ISBN: 9789221289579; 9789221289586 (web pdf), Kathmandu, 2017

*ILO Cataloguing in Publication Data*

---

The designations employed in ILO and Ministry of Labour and Employment of Nepal publications, which are in conformity with United Nations practice, and the presentation of material therein do not imply the expression of any opinion whatsoever on the part of the International Labour Office and the Ministry of Labour and Employment of Nepal concerning the legal status of any country, area or territory or of its authorities, or concerning the delimitation of its frontiers.

The responsibility for opinions expressed in signed articles, studies and other contributions rests solely with their authors, and publication does not constitute an endorsement by the International Labour Office or the Ministry of Labour and Employment of Nepal of the opinions expressed in them.

Reference to names of firms and commercial products and processes does not imply their endorsement by the International Labour Office or the Ministry of Labour and Employment of Nepal, and any failure to mention a particular firm, commercial product or process is not a sign of disapproval.

ILO publications and digital products can be obtained through major booksellers and digital distribution platforms, or ordered directly from ilo@turpin-distribution.com. For more information, visit our website: www.ilo.org/publns or contact ilopubs@ilo.org.

Printed in Nepal

---

# विषय सूची

**भूमिका** ........ घ
**कृतज्ञता** ........ ङ
**कार्यकारी सारांश** ........ च
**१. परिचय** ........ 1
**२. नयाँ संविधानमा सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू** ........ 3
**३. सहयोगी नीतिहरू तथा कानुनी रूपरेखा** ........ 6
सामाजिक सुरक्षालाई सघाउने नीतिहरू कानुनी रूपरेखा ........ 6
**४. विद्यमान सामाजिक सुरक्षा योजनाहरू** ........ 11
सामाजिक बीमा ........ 11
सामाजिक सहायता ........ 14
श्रम बजार हस्तक्षेप ........ 17
**५. कार्यान्वयन गर्ने निकायहरू** ........ 19
**६. बजेट विनियोजन** ........ 21
वित्तीय व्यवस्थापन ........ 23
**७. सामाजिक सुरक्षाको क्षेत्र तथा अन्तर** ........ 25
**८. भावी मार्गचित्र** ........ 29
**सन्दर्भ सूची** ........ 32

**परिशिष्टहरू**
परिशिष्ट क : हाल नेपालमा कायम रहेका सामाजिक सुरक्षा कार्यक्रमहरू ........ 33
परिशिष्ट ख : परामर्श गरिएका निकाय तथा विशेषज्ञहरू ........ 43

**तालिकाहरू**
तालिका १ : नेपालको संविधान-२०७२ मा सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू ........ 3
तालिका २ : संवैधानिक प्रावधानअनुसार सरकारका विभिन्न तहमा सामाजिक सुरक्षासम्बन्धी अधिकारहरू ........ 5
तालिका ३ : निवृत्तिभरण तथा उपदान योजनाअन्तर्गत लाभान्वितहरू तथा सुविधा रकम ........ 12
तालिका ४ : सार्वजनिक तथा निजी क्षेत्रका कर्मचारीहरूका लागि छानिएका सामाजिक सुरक्षा योजनाहरू ........ 14
तालिका ५ : सामाजिक सुरक्षा योजनामा खर्च गरिएको बजेट ........ 22
तालिका ६ : निवृत्तिभरण योजनाका लाभग्राहीहरू ........ 25
तालिका ७ : कर्मचारी सञ्चय कोषमा सहभागीहरू ........ 25
तालिका ८: सामाजिक नगद भत्ताबाट लाभान्वितहरूको सङ्ख्या ........ 26
तालिका ९ : सामाजिक सुरक्षा योगदान ........ 30

# भूमिका

नेपालले २०७२ साल असोज ३ गते नयाँ संविधान पाएको छ । संविधानले जोखिममा रहेका वर्ग, विशेषगरी 'आर्थिक रूपमा विपन्न' वा गरिबीको रेखाभन्दा मुनि आयआर्जन गरिरहेकाहरूको सामाजिक सुरक्षामा विशेष ध्यान दिएको छ । नयाँ संविधान तथा निर्माण हुन लागेका कानुनहरूले सामाजिक सुरक्षाले समेटेका क्षेत्रहरूलाई विस्तार गर्न खोजेका छन् । हालसम्म आआफ्नै ऐन-कानुन, नियमावली, निर्देशिका तथा मार्गनिर्देशिका अन्तर्गत सञ्चालन हुँदै आएका विद्यमान सामाजिक सुरक्षा योजनाहरू बिनाकुनै व्यवस्थित नीतिगत संरचना कैयौं क्षेत्रमा छरिएको अवस्थामा छन् । एक दर्जनभन्दा बढी मन्त्रालय तथा निकायहरूले सामाजिक सुरक्षासम्बन्धी व्यवस्था भएका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् तर तिनीहरूको कार्यान्वयन तथा अनुगमनका लागि व्यवस्थित संस्थागत रणनीति भने छैन ।

यस जानकारी पत्रमा सामाजिक सुरक्षा प्रणालीको वर्तमान अवस्था एवं भावी आयामहरू तथा पाउनु पर्ने सेवा तथा सुविधाको सुव्यवस्थित आपूर्तिका लागि आवश्यक तयारीसम्बन्धमा चर्चा गरिएको छ । यसमा सामाजिक सुरक्षा नीति, कार्यक्रम तथा बजेटसम्बन्धमा नीतिनिर्माता तथा योजनाकारहरूले निर्णय लिने क्रममा उपयोगी हुनेगरी महत्वपूर्ण जानकारीहरू प्रस्तुत गरिएको छ ।

हामी श्रम तथा रोजगार मन्त्रालयको रोजगारी समन्वय तथा श्रम सम्बन्ध महाशाखालाई यस जानकारी पत्र तयार गर्ने पहलका लागि बधाई ज्ञापन गर्न चाहन्छु । यस कार्यका लागि अन्तर्राष्ट्रिय श्रम संगठनबाट उपलब्ध सहयोग निकै प्रशंसनीय छ। यस प्रतिवेदनका लागि सामग्री संकलन तथा लेखन कार्य गर्नुभएकोमा हामी वरिष्ठ परामर्शदाता रूप खड्कालाई (पि.एच.डि.) धन्यवाद दिन चाहन्छु । आवश्यक उपयोगी जानकारी उपलब्ध गराएर योगदान गर्नुहुने नेपाल सरकार तथा मजदुर संगठनहरूका विभिन्न व्यक्ति, विशेषगरी सञ्जयकुमार खनाल तथा रमेश बडाल पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा, यस प्रकाशनमा अग्रसरता लिएकोमा हामी श्रम तथा रोजगार मन्त्रालयको रोजगारी समन्वय तथा श्रम सम्बन्ध महाशाखाका अधिकारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**लक्ष्मणप्रसाद मैनाली**
सचिव
श्रम तथा रोजगार मन्त्रालय
नेपाल सरकार

**रिचार्ड हवार्ड**
निर्देशक
अन्तराष्ट्रिय श्रम संगठनको
नेपालस्थित कार्यालय

# कृतज्ञता

नेपालको सामाजिक सुरक्षा प्रणालीमा सुधारको ठूलो खाँचो छ। यस सन्दर्भमा सामाजिक सुरक्षा व्यवस्थाको सिंहावलोकन गर्नका साथै सुधारका क्षेत्रहरू इंगित गर्ने उद्देश्यले यो जानकारी पत्र वि. सं. २०७३ असारमा काठमाडौँमा तयार गरिएको हो।

यो जानकारी पत्र तयार गर्ने अवसर उपलब्ध गराउनु भएकोमा अन्तर्राष्ट्रिय श्रम संगठन नेपालस्थित कार्यालयका नीता न्यौपाने र श्रम तथा रोजगार मन्त्रालयका विष्णुप्रसाद लम्साल र आभा श्रेष्ठ कर्णप्रति कृतज्ञ छु। निकै उपयोगी विचारहरु उपलब्ध गराउनु भएकोमा सञ्जयकुमार खनाल र रमेश बडाल लगायत विभिन्न महानुभावहरूप्रति लेखक आभार व्यक्त गर्न चाहन्छ।

# कार्यकारी सारांश

नेपालमा निवृत्तिभरण, उपदान तथा सञ्चय कोष योजनाहरूको लामो इतिहास भए पनि नयाँ संविधानले यसलाई थप विस्तारित गर्ने व्यवस्था गरेको छ, जसलाई भविष्यमा तर्जुमा हुने कानुनी व्यवस्थाहरूले थप आधार प्रदान गर्नेछन् । आर्थिक स्रोत अहिले नै सीमित भइसकेका कारण केही योजना दिगो हुन नसक्लान् । यस जानकारी पत्रमा सामाजिक सुरक्षा व्यवस्थाका वर्तमान तथा भावी आयामहरूका साथै यी हक-अधिकारको उपयोग एवं सेवा प्रवाहका लागि अझ राम्रोसँग गर्नुपर्ने तयारी विषयमा विश्लेषण गरिएको छ ।

## सामाजिक सुरक्षाको क्षेत्र

हाल सञ्चालनमा रहेका सामाजिक सुरक्षा योजनाहरू तीन समूहमा बाँडिएका छन् : सामाजिक बीमा, सामाजिक सहयोग र श्रम बजार हस्तक्षेप ।

सामाजिक बीमा योजनाहरूमा निवृत्तिभरण तथा उपदान सुविधा, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषका साथै अपाङ्गता भएकाहरूका लागि बीमा, सुत्केरी बिदा, श्रमसम्बन्धित चोटपटक, अस्वस्थता तथा आश्रितलाई दिइने सुविधा पर्दछन् । अस्वस्थता, अपाङ्गता, श्रमसम्बन्धित चोटपटक तथा वृद्धावस्थासँग सम्बन्धित जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्ययुक्त यी योजना औपचारिक क्षेत्रका कामदार-कर्मचारीहरूप्रति मात्र लक्षित छन् ।

सामाजिक सहयोग कार्यक्रमहरूमा नगद सामाजिक सुरक्षा भत्ता, वस्तुगत सामग्री वितरण, प्राथमिक स्वास्थ्य स्याहार तथा आधारभूत शिक्षा पर्दछन् ।

श्रम बजार हस्तक्षेपमा कर्णाली अञ्चलमा सञ्चालित रोजगारी कार्यक्रम, ग्रामीण सामुदायिक पूर्वाधार कार्यहरू, प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम, सीप एवं उद्यमशीलता विकास कार्यक्रम तथा बालश्रम उन्मूलन एवं बालश्रम सुधार कार्यक्रम पर्दछन् । यी सबै कार्यक्रमको उद्देश्य रोजगारी वृद्धि तथा उत्पादनशील श्रम बजारलाई सहजीकरण गर्नु हो ।

विभिन्न सामाजिक सुरक्षा योजनाबाट लाभान्वित हुनेको कुल संख्या सन् २०१४ मा करिब ७६ लाख थियो । यो संख्या कुल जनसंख्याको २७.३ प्रतिशत मात्र हो ।

## अन्तर

यी सामाजिक सुरक्षा योजनाहरू विगतमा आफ्नै कानुन, नियमावली, निर्देशिका तथा मार्गनिर्देशिकाहरूको अधिनमा रहेर प्रभावकारिता सुनिश्चित नगरीकनै एकपछि अर्को गर्दै लागू गरिएका थिए । व्यवस्थित नीतिगत रूपरेखाबिना सञ्चालनमा रहेका यस्ता

कार्यक्रमहरू विभिन्न क्षेत्रमा छरिएका छन् । राष्ट्रिय योजना आयोगले हालैमात्र सामाजिक सुरक्षासम्बन्धी १० वर्षे राष्ट्रिय संरचनाको मस्यौदा तयार गरेको छ तर यसले पूर्णता पाउन बाँकी नै छ । एक दर्जनभन्दा बढी मन्त्रालय तथा निकायको मातहतमा सामाजिक सुरक्षा व्यवस्थासम्बन्धी कार्यक्रमहरू सञ्चालित छन् तर तिनको कार्यान्वयन तथा अनुगमन गर्नका लागि कुनै व्यवस्थित संस्थागत रणनीति भने अझै पनि छैन ।

विभिन्न किसिमका सामाजिक सुरक्षा योजनाहरूका लागि स्रोत व्यवस्था गर्न आर्थिक वर्ष २०६६/६७ देखि सामाजिक सुरक्षा कर लागू गरिएको भए पनि लाभमुखी कार्यक्रमसहित यी योजनाका विस्तृत खाका कहिल्यै तयार गरिएन ।

श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत २०६७ असारमा सामाजिक सुरक्षा कोष स्थापना गरिएको भए पनि सामाजिक सुरक्षाको क्षेत्रमा यसले नेतृत्वदायी भूमिका निर्वाह गर्न सकेको छैन । सम्बन्धित निकायहरूबीच कमजोर समन्वय, कमजोर सूचना व्यवस्थापन प्रणाली तथा संस्थागत क्षमताको अभाव नै गम्भीर समस्याका रूपमा रहेका छन् ।

हाल सामाजिक सुरक्षा लागत चालू खर्चको १५ प्रतिशत र कुल बजेट खर्चको १० प्रतिशत छ भने कुल गार्हस्थ्य उत्पादनमा यसको अनुपात २.४ प्रतिशत रहेको छ । सामाजिक सुरक्षाका क्षेत्रमा आर्थिक स्रोतको व्यवस्थापन चिन्ताको विषय रहेको छ र रहने छ । अहिलेसम्म निवृत्तिभरण र उपदान सुविधा तथा सामाजिक सुरक्षा भत्ताजस्ता कार्यक्रमका लागि आर्थिक व्यवस्था राजस्व स्रोतबाटै गर्ने गरिएको छ ।

सामाजिक सुरक्षा व्यवस्थाले कुल जनसंख्याको सानो अंशमात्र समेटेको छ । निवृत्तिभरण सुविधा सार्वजनिक क्षेत्र/सरकारी कर्मचारीहरूका लागि मात्र उपलब्ध छ । नेपालको कुल श्रमशक्तिमा ९० प्रतिशतभन्दा बढी स्थान ओगट्ने असंगठित तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा कर्मचारीहरूका लागि कुनै पनि किसिमको सामाजिक सुरक्षा योजना उपलब्ध छैन । विदेशमा कार्यरत नेपाली नागरिक (वा स्वदेशमा कार्यरत विदेशी नागरिक) का लागि सामाजिक सुरक्षाको कुनै व्यवस्था गरिएको छैन ।

## सुझावहरू

सामाजिक बीमाअन्तर्गत श्रमिक र कर्मचारी तथा स्वरोजगार व्यक्तिहरूले आफू सेवानिवृत्त भएपछि न्यूनतम आय सुनिश्चित गर्नका लागि आफ्नो रोजगारीको समयमा निश्चित रकम योगदान गर्ने व्यवस्था लागू गर्नुपर्दछ । हाल कायम रहेको योगदानरहित निवृत्तिभरण योजनालाई योगदानमूलक योजनामा रूपान्तरित गर्नुपर्दछ । अनावश्यक स्रोत संकलन हुन

नदिन तथा कोष नरित्तियोस् भनेर सुनिश्चित गर्नका लागि वस्तुगत विश्लेषणका आधारमा प्रत्येक तीन वर्षमा योगदान दरको समीक्षा गर्नु आवश्यक छ ।

श्रम तथा रोजगार मन्त्रालयले भविष्यमा देशको सामाजिक सुरक्षा योजना तयार गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्छ, जसमा अहिले निजी क्षेत्रका लागि सामाजिक बीमा योजनाहरू तयार गर्नुपर्ने तथा तिनलाई स्थापित गर्नुपर्ने दायित्व छ, जुन काम आफैमा एउटा निकै कठिन काम हो । प्रस्तावित श्रम तथा सामाजिक सुरक्षासम्बन्धी विधेयकहरू पारित गर्ने कार्यले अन्य विषयका साथसाथै निजी क्षेत्रका लागि विस्तृत सामाजिक सुरक्षा व्यवस्था लागू गर्नका लागि कानुनी आधार सिर्जना गर्नेछ ।

सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयले आफ्ना भूमिकालाई प्रभावकारी रूपमा निर्वाह भएको सुनिश्चित गर्न अल्पकालीनरूपमा निम्न काम गर्नुपर्दछ :

- निजी क्षेत्रमा लागू हुनसक्ने सुविधा प्याकेज र योग्यताका मापदण्डसहित चरणबद्ध रूपमा लागू गरिने सामाजिक सुरक्षा योजनाहरू (उदाहरणका लागि श्रमसम्बन्धित चोटपटक बीमा, सुत्केरी सुविधा, औषधोपचार तथा स्वास्थ्य सेवाजन्य योजनाहरू);
- सामाजिक सुरक्षा नियमावली, संशोधित श्रम नियमावली, व्याख्यात्मक टिप्पणीहरू, प्रशिक्षण सामग्रीहरू तथा शैक्षिक सामग्रीहरू;
- सामाजिक सुरक्षा कोषका अधिकारीहरू तथा निजी क्षेत्रका प्रतिष्ठानहरूका कर्मचारीहरूका लागि प्रशिक्षण कार्यक्रमहरू;
- निजी प्रतिष्ठानहरूका कामदार-कर्मचारीसहित सरोकारवालाहरूका लागि शैक्षिक अभियान;
- कम्प्यूटरकृत प्रणाली;
- विभिन्न योजनाका लागि सामाजिक सुरक्षा कोषहरूको सिर्जना तथा सञ्चालनसम्बन्धी आवश्यक तयारी;
- सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयका लागि पञ्चवर्षीय रणनीतिक योजना;
- सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयका लागि त्रिवर्षीय सुधार योजना;
- आप्रवासमा जान चाहनेका लागि तिनीहरूको सुरक्षित आप्रवास सुनिश्चित गर्नका लागि प्रस्थान गर्नुपूर्वको सशक्त प्रशिक्षण तथा सूचना सम्प्रेषण योजना; एवं
- आप्रवासी कामदारहरूका अधिकार, कल्याण तथा सुरक्षा सुनिश्चित गर्नका लागि प्रमुख गन्तव्य राष्ट्रहरूसँग द्विपक्षीय सम्झौताहरू ।

# १ परिचय

यस जानकारी पत्रमा पर्यायवाची रूपमा प्रयोग गरिएको सामाजिक संरक्षण तथा सामाजिक सुरक्षाका विषयले नेपालमा हालैका वर्षहरूमा ध्यानाकर्षण गराउने क्रम बढ्दो छ। निवृत्तिभरण, उपदान तथा सञ्चय कोष योजनाको लामो इतिहास छ भने अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरू भिन्दाभिन्नै उद्देश्यसहित समन्वयविहीन शैलीमा हालैमात्र लागू गरिएका हुन् । अन्तरिम संविधान- २०६३ ले पहिलो पटक सामाजिक सुरक्षा नेपाली जनताको मौलिक अधिकार भएको कुरालाई मान्यता प्रदान गऱ्यो । यसले प्रत्येक नागरिकलाई रोजगारीको अधिकार, महिला, श्रमिक, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, अशक्त तथा असहाय नागरिकहरूलाई सामाजिक सुरक्षाको अधिकार तथा प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको अधिकार प्रदान गरेको छ ।

विसं २०७२ को संविधानले सामाजिक सुरक्षाको प्रावधानलाई अझ विस्तारित गरेको छ । यसमा सामाजिक सुरक्षाप्रतिको संवैधानिक प्रतिबद्धतालाई नवीकरण गरिनुका अतिरिक्त श्रम विधेयक तथा सामाजिक सुरक्षा कोष विधेयकजस्ता ऐन-कानुनहरू सामाजिक सुरक्षा योजनासम्बन्धी प्रावधानसहित (जसको विस्तृत विवरण यस जानकारी पत्रमा उल्लेखित छ) व्यवस्थापिका संसद्मा प्रस्तुत गरिएका छन् ।

परिवर्तित संवैधानिक परिदृश्यसँगै माथि उल्लेख गरिएका विधेयकहरू पारित भएपछि श्रम तथा रोजगार मन्त्रालयको सामाजिक सुरक्षा योजनाहरूको समन्वय, कार्यान्वयन तथा अनुगमनकारी भूमिका विस्तार हुनेछ । त्यसैले यस्ता योजनाहरूको कार्यान्वयन, त्यसमा विशेषगरी निजी क्षेत्रको सामाजिक बीमाको व्यवस्थापनसहितको कार्यान्वयन सुनिश्चित गर्न पर्याप्त तयारी आवश्यक छ, जसको मुख्य दायित्व श्रम मन्त्रालयअन्तर्गतको सामाजिक सुरक्षा कोषमा रहेको छ ।

यस जानकारी पत्रमा नेपालको संविधान-२०७२ मा प्रतिबद्धता व्यक्त गरिएका सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरूको विश्लेषण गरिएको छ। यसमा सामाजिक सुरक्षालाई सघाउने नीति तथा कानुनी रूपरेखाबारे छलफल गरिनुका साथै हाल सञ्चालित कार्यक्रमहरूको सिंहावलोकन पनि प्रस्तुत गरिएको छ । अन्त्यमा श्रम तथा रोजगार मन्त्रालयका लागि विस्तारित सामाजिक सुरक्षा क्षेत्रको व्यवस्थापनसम्बन्धमा अबलम्बन गर्नुपर्ने उपायहरूबारे सुझाव दिइएको छ ।

# २ नयाँ संविधानमा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरू

वि.सं. २०७२ असोजमा घोषणा गरिएको नयाँ संविधानले सामाजिक सुरक्षालाई नेपाली नागरिकहरूको मौलिक अधिकारका रूपमा स्थापित गरेको छ र सामाजिक सुरक्षा व्यवस्थाका लागि बृहद् संरचनाको व्यवस्था गरेको छ *(तालिका १)*।

**तालिका १ : नेपालको संविधान-२०७२ मा सामाजिक सुरक्षासम्बन्धी प्रावधानहरू**

| धारा | हक | विवरण |
|---|---|---|
| ३३ | रोजगारीको हक | प्रत्येक नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । |
| ३४ | श्रमको हक | प्रत्येक नागरिकलाई उचित श्रम अभ्यास गर्ने, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । |
| ३५ | स्वास्थ्यसम्बन्धी हक | प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । |
| ३६ | खाद्यसम्बन्धी हक | प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ । |
| ३७ | आवासको हक | प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । |
| ३८ | महिलाको हक | प्रत्येक महिलालाई सकारात्मक विभेदका आधारमा सामाजिक सुरक्षामा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । |
| ३९ | बालबालिकाको हक | असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ। |
| ४० | दलितको हक | दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ । |
| ४१ | ज्येष्ठ नागरिकको हक | ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ । |
| ४२ | सामाजिक न्यायको हक | अपाङ्गता भएका व्यक्तिसहित विभिन्न समुदायलाई सामाजिक न्यायको हक हुनेछ । |
| ४३ | सामाजिक सुरक्षाको हक | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |

माथि तालिका १ मा उल्लेख गरिएका सबैजसो प्रावधान अहिले नै प्रत्येक नेपालीले पाउनु पर्ने नागरिकका मौलिक अधिकार हुन् । धारा ४० र ४३ अन्तर्गतका प्रावधानका सन्दर्भमा भने सम्बन्धित कानुन पारित हुनु आवश्यक छ, जसका लागि समय लाग्नेछ । सामाजिक सुरक्षा सुविधा उपलब्ध गराउने सन्दर्भमा सरकारले कुनै किसिमको विलम्ब गरेको अवस्थामा आफूलाई अधिकारबाट वञ्चित गरिएको भन्दै सर्वोच्च अदालतमा उजुरी गर्न सकिने र अदालतले सरकारलाई सुविधा उपलब्ध गराउन वा सुविधा उपलब्ध गराउनका लागि आवश्यक कानुन ल्याउन आदेश दिनसक्ने अवस्था सिर्जित भएको छ ।

सामाजिक सुरक्षासम्बन्धी व्यवस्था संविधानको राज्यका नीतिसम्बन्धी भागको धारा ५१ मा पनि समावेश गरिएको छ । यी नीतिअन्तर्गत राज्यको निम्नलिखित दायित्व छ :

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने;
- सबै नागरिकलाई स्वास्थ्य बीमा उपलब्ध गराउने;
- मर्यादित श्रमको अवधारणाअनुरूप सामाजिक सुरक्षा प्रत्याभूत गर्ने;
- बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने;
- वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने;
- वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न श्रम आप्रवासन क्षेत्रको नियमन र व्यवस्थापन गर्ने ।

संविधानले सामाजिक सुरक्षासम्बन्धी अधिकारहरूलाई विशिष्टीकृत वा साझा अधिकारका रूपमा सरकारका विभिन्न तहलाई प्रत्यायोजन गरेको छ, यद्यपि नेपालमा अझै प्रादेशिक सरकारको संरचना बनिसकेको भने छैन (तालिका २) । सामाजिक सुरक्षा तथा गरिबी निवारणलाई केन्द्रीय सरकारअन्तर्गत विशिष्ट अधिकार तथा प्रादेशिक तथा स्थानीय सरकारअन्तर्गत साझा अधिकारका रूपमा दुवै तहमा समावेश गरिएको छ । प्रादेशिक सरकारलाई सामाजिक सुरक्षासम्बन्धी विशिष्ट अधिकार नदिइएको भए पनि ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू वा अशक्तहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकारभित्र समेटिएका छन् । सामाजिक सुरक्षा, रोजगारी, ट्रेड युनियन, औद्योगिक विवाद तथा श्रम अधिकारसम्बन्धी विवाद निरूपणजस्ता विषयलाई केन्द्रीय तथा प्रादेशिक सरकारहरूको साझा अधिकारको सूचीमा राखिएको छ ।

**तालिका २ : संविधानअनुसार सरकारका विभिन्न तहका सामाजिक सुरक्षासम्बन्धी अधिकारहरू**

| विशिष्ट अधिकार | | | साझा अधिकार | |
|---|---|---|---|---|
| केन्द्रीय | प्रादेशिक | स्थानीय | केन्द्रीय तथा प्रादेशिक | केन्द्रीय, प्रादेशिक तथा स्थानीय |
| सामाजिक सुरक्षा तथा गरिबी निवारण | लागु नहुने | ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु वा अशक्तहरूको व्यवस्थापन | सामाजिक सुरक्षा, रोजगारी, ट्रेड युनियन, औद्योगिक विवाद तथा श्रम अधिकारसम्बन्धी विवाद एवं विवाद निरूपण | सामाजिक सुरक्षा तथा गरिबी निवारण |

सामाजिक सुरक्षासम्बन्धी अधिकांश अधिकारलाई समान अधिकारको सूचीमा समावेश गरिएको छ, यसको अर्थ सरकारका विभिन्न तहबीच ती अधिकार बाँडिएको छ भन्ने हो । यद्यपि संघीय प्रणालीअन्तर्गत साझा उत्तरदायित्व जटिल मुद्दा हो । कारण यस्तो अवस्थामा कुनै क्षेत्रमा साधन-स्रोतको दोहोरो वितरण हुनसक्छ भने कुनै क्षेत्रमा न्यून विनियोजन हुन सक्छ । यसैगरी सरकारको प्रत्येक तहको भूमिकाबारे अन्योल सिर्जना हुने सम्भावना पनि रहन्छ । साझा उत्तरदायित्वका कारण नीतिगत विरोधाभाष सिर्जना हुने, पारस्परिक समन्वयको अभाव हुने तथा कार्यसम्पादनमा ह्रास हुने सम्भावना रहन्छ । त्यसैले सरकारका प्रत्येक तहको उत्तरदायित्व, जवाफदेहिता तथा वित्तीय कुशलताको प्रोत्साहनका लागि विभिन्न तहका सरकारका कार्यहरू स्पष्ट रूपमा निर्धारित गरिनुका साथै समन्व संयन्त्र स्थापित गरिनुपर्दछ।

सार्वजनिक क्षेत्रका तीन वटा प्रमुख उत्तरदायित्व- समष्टिगत आर्थिक स्थायित्व, आय वितरण र वस्तु तथा सेवाको वितरणका प्रावधानमध्ये आय वितरण बृहतरूपमा केन्द्रीय सरकारको कार्य हो। यसमा बेरोजगार, ज्येष्ठ नागरिक, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित भिन्दाभिन्दै उद्देश्यबाट निर्देशित सामाजिक सुरक्षा कार्यक्रमहरू समावेश भएका हुन्छन् । यसो भए पनि सामान्यतया सामाजिक सुरक्षाको अर्थ 'नागरिकहरू जहाँसुकै बसेका भए पनि उनीहरूबीच सम-न्यायिकताको स्तर कायम गर्नु' हो ।[१] समान किसिमका लाभका कार्यक्रमसहितका केन्द्रीय रूपमा सञ्चालित सामाजिक सुरक्षा व्यवस्थाका माध्यमबाट मात्र यस्तो सम-न्यायिकता कायम गर्न सकिन्छ । यस्तो सुविधा प्रादेशिक सरकारबाट उपलब्ध गराइएमा लाभका कार्यक्रमको स्तरमा भिन्नता हुनसक्छ र यसले गर्दा थोरै सुविधा भएका प्रदेशबाट धेरै सुविधा भएका प्रदेशतर्फ जान मानिसहरू उत्प्रेरित हुन सक्छन् र त्यस्तो अवस्थामा सामाजिक सुरक्षा कार्यक्रम दीगो नहुन सक्छ ।

[१] शर्मा, सन् २०१३, पृष्ठ २५ ।

सामाजिक सुरक्षाका केही अवयवहरू उपलब्ध गराउनमा सरकारका विभिन्न तहको परिपूरक भूमिका हुन्छ । उदाहरणका लागि, समष्टिगत नीति तथा मापदण्ड तय गर्ने तथा सबै सेवाको आपूर्ति सुनिश्चित गर्न बजेट उपलब्ध गराउने उत्तरदायित्व केन्द्रीय सरकारको हुन्छ भने कार्यान्वयन, विशेषगरी कल्याणकारी कार्यक्रमका लाभग्राहीहरूको पहिचान गर्ने जिम्मेवारी प्रादेशिक/स्थानीय सरकारको हुन्छ ।

व्यावहारिक धरातलबाट भन्ने हो भने नेपालमा प्रादेशिक सरकारहरू सिर्जना गर्न र तिनलाई विकसित गर्न केही समय लाग्नेछ । प्रादेशिक तथा स्थानीय सरकारका क्षमता विकास गर्नका लागि पनि केही समय आवश्यक पर्नेछ । त्यसैले शुरुमा केन्द्रीय सरकारले नै प्राथमिक रूपमा साझा अधिकारको सूचीमा रहेका सामाजिक सुरक्षासम्बन्धी अधिकारहरू प्रयोग गर्नुपर्ने हुन्छ र प्रादेशिक/स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि भइसकेपछि तिनीहरूलाई जिम्मेवार बनाउदै जानु पर्दछ ।

# ३ सहयोगी नीतिहरू तथा कानुनी रूपरेखा

## सामाजिक सुरक्षालाई सघाउने नीतिहरू

विगतमा सामाजिक सुरक्षा योजनाहरू तिनीहरूको प्रभावकारिता सुनिश्चित नगरीकनै एकपछि अर्को गरी लागू गरिएका थिए ।[२] ती कार्यक्रमहरू आ-आफ्नै ऐन-कानुन, नियमावली, निर्देशिका तथा मार्गनिर्देशिकाहरूद्वारा नियन्त्रित थिए[३] र विभिन्न क्षेत्रमा छरिएका थिए ।[४] केही सामाजिक सुरक्षा योजना विभिन्न आर्थिक वर्षका बजेट वक्तव्यमार्फत घोषणा गरिएका थिए भने तिनीहरूको ढाँचा एवं सुविधाहरूबारे उल्लेख गरिएको थिएन । सामाजिक सुरक्षासम्बन्धी नीतिहरू विभिन्न आवधिक योजनामा पनि समावेश गरिएका छन् । उदाहरणका लागि, तेह्रौं योजना (आव २०७०/७१ -२०७२/७३) मा अँगालिएको दीर्घकालीन दूरदृष्टिमा प्रत्येक नेपाली नागरिकलाई मर्यादापूर्ण जीवन जिउनका लागि सामाजिक सुरक्षा उपलब्ध गराउने उल्लेख गरिएको छ । यस छरपष्ट स्थितिले व्यवस्थित नीतिगत खाकाको आवश्यकता औँल्याएको छ ।

राष्ट्रिय योजना आयोगले हालैमात्र सामाजिक सुरक्षासम्बन्धी १० वर्षे राष्ट्रिय संरचनाको मस्यौदा तयार गरेको छ तर यसले पूर्णता पाउन बाँकी नै छ । यो दस्तावेजले अन्तिम रूप लिएपछि यसले आमनागरिकहरूको संवेदनशीलतालाई उपयुक्त ढंगले सम्बोधन गर्नका लागि राष्ट्रमा विद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरूलाई संगठित र विस्तरित गर्ने तथा नयाँ कार्यक्रमहरू तर्जुका लागि दिशानिर्देशित गर्नेछ ।

## कानुनी संरचना

निजामती सेवा ऐन तथा नियमावलीमा सार्वजनिक क्षेत्रका कर्मचारीहरूको निवृत्तिभरण एवं उपदान योजना तथा सञ्चय कोषसम्बन्धी व्यवस्था गरिएको छ भने श्रम ऐन र नियमावलीमा १० जना वा सोभन्दा बढी श्रमिक तथा कर्मचारी कार्यरत प्रतिष्ठानहरूमा कार्यरत व्यक्तिहरूका लागि सामाजिक सुरक्षासम्बन्धी व्यवस्था छ । कर्मचारी सञ्चय कोष ऐनले सार्वजनिक क्षेत्रका कर्मचारीहरूको सहभागितालाई अनिवार्य बनाएको छ भने सार्वजनिक संस्थानहरूका कर्मचारीहरू तथा १० जना वा सोभन्दा बढी श्रमिक तथा कर्मचारी कार्यरत निजी प्रतिष्ठाका कर्मचारीहरूका लागि स्वेच्छिक सहभागिताको व्यवस्था गरेको छ । नागरिक लगानी कोष ऐनले सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रका कर्मचारीहरूका लागि अवकास योजनामा सहभागी हुने अवसर उपलब्ध गराएको छ ।

---

२ खनाल, सन् २०१२, पृष्ठ ५ ।

३ खनाल, सन् २०१२, पृष्ठ ६ ।

४ ऐजन, पृष्ठ ५ ।

बोनस ऐनमा प्रतिष्ठानहरूले आफ्नो कुल नाफाको १० प्रतिशत बराबरको रकम आफ्ना श्रमिक तथा कर्मचारीहरूलाई लाभांश भुक्तानीका रूपमा उपलब्ध गराउनुपर्ने प्राबधान छ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन- २०६३ (ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन) मा ६० वर्षभन्दा बढी उमेरका नागरिकलाई सामाजिक सुरक्षा उपलब्ध गराउने व्यवस्था गरिएको छ। हाल सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिअन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सञ्चालन हुने गरेको छ। प्रशासनिक कार्यविधि (नियमावली) ऐन-२०१३ को भाग २ मा गरिएको व्यवस्थाअनुसार सरकारले सामाजिक सुरक्षा कोष (सञ्चालन तथा व्यवस्थापन) नियमावली-२०६७ ल्याएको छ, यसैका आधारमा २०६८ सालमा सामाजिक सुरक्षा कोष स्थापना गरिएको थियो।

सामाजिक सुरक्षासम्बन्धी कतिपय ऐन आउने क्रममा छन्। हाल व्यवस्थापिका संसद्मा रहेको प्रस्तावित श्रम विधेयकमा एक वा सोभन्दा बढी श्रमिक वा कर्मचारी कार्यरत सम्पूर्ण प्रतिष्ठानका कर्मचारी तथा श्रमिकका लागि सामाजिक सुरक्षा योजना कार्यान्वयन गरिनुपर्ने व्यवस्था गरिएको छ। यस्ता सामाजिक सुरक्षा योजनामा श्रमिकको अवकास वा चोटपटकमा क्षतिपूर्ति, उपदान, सञ्चय कोष, औषधोपचार, विदा, लाभांश भुक्तानी, पुनः रोजगारीमा प्राथमिकता, श्रमिकको कल्याण कोष तथा दुर्घटना बीमा जस्ता कार्यक्रम पर्दछन्। एकभन्दा बढी रोजगारदाताकहाँ आंशिक कार्य गर्ने श्रमिक वा कर्मचारीका सन्दर्भमा उनीहरूले आफ्नो सेवा उपलब्ध गराउँदै आएका प्रत्येक रोजगारदाताले तिनीहरूको आधारभूत तलबका आधारमा उपदान, सञ्चय कोष वा अन्य किसिमका सामाजिक सुरक्षाजन्य सुविधाका लागि योगदान गर्नुपर्नेछ। हाल विधायिका संसद्मै रहेको प्रस्तावित सामाजिक सुरक्षा कोष विधेयकमा पनि अन्तर्राष्ट्रिय श्रम संगठनको सामाजिक सुरक्षा (न्यूनमत मापदण्डहरू) महासन्धि-१९५२ (नं. १०२) अनुसारका विभिन्न योजनाका साथै योगदानमूलक सामाजिक सुरक्षा योजनाहरूको व्यवस्था गरिएको छ। जसमा प्रत्येक सामाजिक सुरक्षा योजनाका लागि अलग-अलग खाता खोल्नुपर्ने र एउटा योजनाका लागि जम्मा गरिएको रकम अर्को योजनाका लागि उपयोग गर्न नपाउने व्यवस्था प्रस्तावित गरिएको छ।

विभिन्न सामाजिक सुरक्षा योजनाका लागि स्रोत व्यवस्थापन गर्न आव २०६६/६७ देखि सामाजिक सुरक्षा करको व्यवस्था गरिएको छ। यद्यपि अहिलेसम्म सुविधा प्याकेजसहितका ती योजनाका विस्तृत ढाँचा भने तयार गरिएको छैन।

विगतका केही वजेटमा झैं आव २०७३/७४ को बजेटमा पनि श्रमसम्बन्धित चोटपटक बीमा, सुत्केरी सुविधा, औषधोपचार तथा बिरामी सुविधा लागु गरिने प्रस्ताव दोहर्‍याइएको छ । यसै गरी यस बजेटले अनौपचारिक क्षेत्रका श्रमिकका लागि दुर्घटना बीमा, राष्ट्रिय स्वास्थ्य बीमा योजना तथा योगदानमूलक निवृत्तिभरण योजनासहित अन्य विभिन्न सामाजिक सुरक्षा योजनासम्बन्धी कार्यक्रम पनि घोषणा गरेको छ । यद्यपि कुनै पनि नयाँ योजनाका विस्तृत विवरण तथा कार्यान्वयन योजना भने उल्लेख गरिएको छैन ।

# ४ विद्यमान सामाजिक सुरक्षा योजनाहरू

हाल सञ्चालित सामाजिक सुरक्षा योजनाहरूलाई तीन समूहमा विभाजन गरिएको छः सामाजिक बीमा, सामाजिक सहयोग र श्रम बजार हस्तक्षेप ।

## सामाजिक बीमा

सामाजिक बीमा योजनाहरूले निवृत्तिभरण तथा उपदान सुविधाहरू, कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषका साथै अपाङ्गता भएका व्यक्तिका लागि बीमा, सुत्केरी बिदा, श्रमसम्बन्धित चोटपटक, अस्वस्थता तथा आश्रितको लाभलाई समेटछन् । अस्वस्थता, अपाङ्गता, कामका क्रममा लाग्ने चोटपटक तथा वृद्धावस्थासँग सम्बन्धित जोखिमबाट राहत दिलाउने उद्देश्य रहेका यी योजना औपचारिक क्षेत्रका कर्मचारीप्रति मात्र लक्षित छन् । यसमा आव २०७३/७४ देखि कैलाली, बागलुङ र इलाम जिल्लामा परीक्षणका लागि लागू गरिएको राष्ट्रिय स्वास्थ्य बीमा योजना पनि समेट्न सकिन्छ ।

### निवृत्तिभरण तथा उपदान

हाल निवृत्तिभरण योजना सरकारी कर्मचारीका लागि मात्र उपलब्ध छ । २० वर्षको सेवा अवधि पूरा भएपछि (नेपाली सेनाका सन्दर्भमा १६ वर्ष) सेवानिवृत्त भएका कुनै पनि कर्मचारी मासिक निवृत्तिभरण भुक्तानीका हकदार हुने गरेका छन् । तालिका ३ मा उल्लेख गरिएझैँ निवृत्तिभरण रकम सेवाको अवधि र सेवाको अन्तिम वर्षको पारिश्रमिकमा आधारित हुने व्यवस्था छ ।

उपदान योजना सार्वजनिक क्षेत्रका कर्मचारी तथा १० जना वा सोभन्दा बढी कर्मचारी रहेका निजी प्रतिष्ठानका श्रमिक तथा कर्मचारीका लागि उपलब्ध छ । कम्तीमा पाँच वर्ष सेवा गरिसकेपछि स्वेच्छिक रूपमा सेवा निवृत्त हुने वा राजीनामा दिने वा २० वर्षको सेवा अवधि पूरा हुनुभन्दा अगावै भविष्यमा सेवाका लागि अयोग्य नहुने गरी सरकारी सेवाबाट अवकाश दिइएका कुनै पनि सार्वजनिक क्षेत्रका कर्मचारी एकमुष्ठ उपदान सुविधाका लागि हकदार हुन्छन् । कम्तीमा तीन वर्ष काम गरेका योग्य निजी क्षेत्रका कर्मचारी तथा श्रमिकलाई सेवानिवृत्त भएपछि एकमुष्ठ उपदान सुविधा भुक्तानी गरिन्छ, यो रकम उनीहरूको सेवा अवधि तथा सेवाको अन्तिम वर्षमा प्राप्त गरेको पारिश्रमिकमा आधारित हुन्छ ।

**तालिका ३ : निवृत्तिभरण तथा उपदान योजनाअन्तर्गत लाभान्वितहरु तथा सुविधा रकम**

| लाभग्राहीहरु | सुविधा रकम |
|---|---|
| **निवृत्तिभरण** | |
| सार्वजनिक क्षेत्रका २० वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीहरु (सेनाका लागि १६ वर्ष) | ■ सेवाको कुल वर्षलाई अन्तिम महिनाको तलब रकमले गुणा गर्दा हुने (रकम)/५० |
| **उपदान** | |
| सार्वजनिक क्षेत्रका कर्मचारीहरु | ■ ५ – १० वर्षपछि, सेवाको प्रत्येक वर्षका लागि आधा महिनाको तलब<br>■ १० – १५ वर्षपछि, सेवाको प्रत्येक वर्षका लागि एक महिनाको तलब<br>■ १५ – २० वर्षपछि, सेवाको प्रत्येक वर्षका लागि डेढ महिनाको तलब |
| निजी क्षेत्रका कर्मचारीहरु | ■ पहिलो सात वर्ष, प्रति वर्षका लागि आधा महिनाको तलब<br>■ ७ – १५ वर्ष, प्रति वर्षका लागि मासिक तलबको दुई तिहाइ<br>■ १५ वर्षभन्दा माथि, प्रति वर्षका लागि एक महिनाको तलब |

निवृत्तिभरण तथा उपदान योजनाहरू योगदानमूलक छैनन् – कर्मचारी तथा श्रमिकहरूले आफ्नो सेवा अवधिमा यी योजनाका लागि कुनै किसिमका योगदान गर्नु पर्दैन । सरकारी कर्मचारीको निवृत्तिभरण तथा उपदान सुविधाका लागि आर्थिक व्यवस्थापन सरकारको राजस्वबाट गरिरहिएको छ भने सार्वजनिक तथा निजी क्षेत्रका प्रतिष्ठानहरूका हकदार कर्मचारी तथा श्रमिकलाई प्रदान गरिने उपदानका सम्पूर्ण खर्च उनीहरूका रोजगारदाताले व्यहोर्दछ ।

निवृत्तिभरण तथा उपदान योजनाका लागि हाल ठोस आर्थिक स्रोतको व्यवस्था भएको देखिदैन – यस किसिमको भुक्तानी व्यहोर्नका लागि कुनै कोष सिर्जना नै गरिएको छैन । हाल कार्यरत श्रमिक तथा कर्मचारीहरूबाट तिरिएको करबाट सेवानिवृत्त सरकारी कर्मचारीको निवृत्तिभरण तथा उपदान सुविधा भुक्तानी गरिन्छ । सार्वजनिक संस्थानहरूले पनि निवृत्तिभरण तथा उपदान कोष स्थापना गर्न बाँकी नै छ ।

## कर्मचारी सञ्चय कोष

कर्मचारी सञ्चय कोषको व्यवस्था सार्वजनिक क्षेत्रका कर्मचारीका लागि अनिवार्य छ भने १० जना वा सोभन्दा बढी कर्मचारी भएका निजी क्षेत्रका प्रतिष्ठानका कर्मचारी यसमा स्वेच्छिक रूपमा सहभागी हुन पाउँछन् । यो कोषमा अनिवार्य वा स्वेच्छिक जे भए पनि श्रमिक तथा कर्मचारीले आफ्नो तलबको १० प्रतिशत बराबरको रकम योगदान गर्ने र रोजगारदाताले पनि सोही बराबरको रकम मासिक रूपमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी सञ्चय कोषमा कर्मचारीका नाममा खाता खोलिन्छ र कर्मचारी तथा रोजगारदाता दुवैले गरेको योगदान रकम उक्त खातामा जम्मा गरिन्छ । यो पूर्ण रूपमा आर्थिक स्रोतयुक्त योजना हो । जम्मा गरिएको रकमको आधारमा ब्याज भुक्तानी गरिन्छ । प्रत्येक योगदानकर्ताले आफ्नो खाताबाट निश्चित अनुपातको रकम 'ऋण'का रूपमा झिक्न पाउँछ । बाँकी रकम कर्मचारी तथा श्रमिक सेवानिवृत्त भएपछि झिक्न पाइन्छ ।

## नागरिक लगानी कोष

सार्वजनिक तथा निजी क्षेत्रमा काम गरिरहेका स्थायी, अस्थायी वा करार कर्मचारीहरूले नागरिक लगानी कोषमा रकम जम्मा गर्न पाउँछन् । यस्ता कर्मचारीले आफ्नो मासिक तलबको एक तिहाइ वा रु. तीन लाखमध्ये कम हुन आउने रकम प्रत्येक वर्ष आफ्नो नाममा खोलिएका खातामा जम्मा गर्दछन् । यसमा रोजगारदाताले योगदान गर्नुपर्ने व्यवस्था भने छैन । यो स्वेच्छिक तर पूर्ण रूपमा आर्थिक स्रोतयुक्त योजना हो । नागरिक लगानी कोषमा जम्मा गरिएको रकम करमुक्त हुन्छ । कर्मचारीहरू सेवानिवृत्त भएपछि उनीहरू आर्थिक दृष्टिकोणबाट सुरक्षित होउन् भन्ने उद्देश्यले उनीहरूलाई बचत गर्न प्रोत्साहित गर्न यो व्यवस्था गरिएको हो । कर्मचारीहरू सेवानिवृत्त भएपछि नागरिक लगानी कोषमा जम्मा गरिएको रकम प्राप्त गर्नका लागि योग्य हुन्छन् ।

## अन्य सामाजिक बीमा योजनाहरू

श्रम ऐन, निजामती सेवा ऐन तथा सामाजिक सुरक्षासम्बन्धी अन्य कानुनमा अपाङ्गता भएको अवस्थामा क्षतिपूर्ति, औषधोपचार खर्च, बिरामी बिदा, सुत्केरी बिदा, श्रमिकको अवकास वा चोटपटकको क्षतिपूर्ति, श्रमिकको कल्याण कोषका साथै दुर्घटना बीमा, आश्रितको सुविधा तथा दाहसंस्कार अनुदानसम्बन्धी खर्च व्यहोर्ने सामाजिक बीमा योजनासम्बन्धी प्रावधानहरू छन् (तालिका ४) ।

**तालिका ४ : सार्वजनिक तथा निजी क्षेत्रका कर्मचारीहरूका लागि लागु गरिएका केही सामाजिक सुरक्षा योजनाहरू**

| योजना | सुविधाहरू | |
|---|---|---|
| | सार्वजनिक क्षेत्र | निजी क्षेत्र |
| सुत्केरी | सेवा अवधिभरिमा दुई पटक ६० दिनको तलबी विदा । | कामदारले नोकरी अवधिभरिमा दुई पटकमात्र ५२ दिनको तलबी विदा लिन पाउँदछन् । |
| बिरामी | प्रतिवर्ष १२ दिनको तलबी विदा । | नियमित तलबको आधा पाउने गरी प्रतिवर्ष १५ दिनसम्मको विदा । |
| औषधोपचार | राजपत्राङ्कीत तहका कर्मचारीको सेवा अवधिमा १२ महिनाको तलब र राजपत्र अनङ्कीत कर्मचारीको हकमा १८ महिनाको तलब । | सबैलाई प्राथमिक उपचार । कल्याण कोषबाट तत्कालिक राहत उपलब्ध हुन्छ । |
| कार्यरत अवस्थामा चोटपटक | मेडिकल बोर्डको सिफारिसअनुसार खर्च व्यहोरिन्छ र तलबी विदा । | चिकित्सकद्वारा प्रमाणित गरिएअनुसार पूर्ण उपचार खर्च । |
| कार्यरत अवस्थामा दुर्घटना | पूरा औषधोपचार खर्च र तलबी विदा। | बढीमा पाँच वर्षको तलब । |
| कार्यरत अवस्थामा दुर्घटनाग्रस्त भई मृत्यु भएमा वा जीवनभरिका लागि अपाङ्ग भएमा | अवस्थाका आधारमा पीडितको सुविधा र पारिवारिक सुविधा । | नजिकका पारिवारिक सदस्यहरूलाई तीन वर्षको तलब उपलब्ध गराइन्छ । |
| कार्यावधिमा मृत्यु | फरक फरक रकम । | रोजगारदाता र मजदुर युनियनबीचको छलफलका आधारमा रकम निर्धारण गरिन्छ । |

## सामाजिक सहायता

सामाजिक सहयोग कार्यक्रमहरूमा सामाजिक नगद वितरण, वस्तुगत सामग्री वितरण, प्राथमिक स्वास्थ्य स्याहार तथा आधारभूत शिक्षा पर्दछन् । सामाजिक नगद वितरण सुविधा तल उल्लेख गरिएअनुसार कुनै पनि भरपर्दो आयस्रोत नभएका सर्वाधिक जोखिममा रहेका व्यक्तिहरूलाई उपलब्ध गराइन्छ ।

**वृद्ध भत्ता/जेष्ठ नागरिक भत्ता :** २०५२ सालदेखि ७५ वर्ष वा सोभन्दा बढी उमेरका नेपाली नागरिकलाई प्रतिमहिना रु. एक सय उपलब्ध गराउने गरी लागू गरिएको हो । त्यसपछिका वर्षहरूमा उक्त रकम पटक-पटक वृद्धि गरिएको छ; २०६५ मा उक्त रकमलाई प्रतिमहिना रु. पाँच सय पुऱ्याइएको थियो । सोही वर्ष उक्त भत्ता पाउनका लागि हुनुपर्ने उमेर ७५ वर्षबाट घटाएर ७० वर्ष (कर्णाली अञ्चलका बासिन्दाका लागि ६० वर्ष) बनाइएको थियो । आव २०७३/७४ को बजेटमा यस भत्तालाई दोब्बर पारी रु. एक हजार पुऱ्याइएको छ ।

**एकल महिला भत्ता :** २०५२ सालदेखि विधवा भत्ताका रूपमा प्रतिमहिना रु. एक सय दिने गरी लागू गरिएको थियो । २०६५ सालमा प्रतिमहिना रु. पाँच सय पुऱ्याउनुपूर्व यसलाई पनि पटक पटक बढाइएको थियो । आव २०७३/७४ को बजेटमा यस भत्तालाई दोब्बर अर्थात् रु. एक हजार बनाइएको छ । सुरुमा यो भत्ता ६० वर्ष पूरा भएका विधवा महिलाका लागिमात्र उपलब्ध गराइँदै आइएकोमा हाल ६० वर्ष उमेर पूरा भएका सबै एकल महिला र सबै उमेरका विधवा महिलालाई उपलब्ध गराइन्छ ।

**अपाङ्गता भएका व्यक्तिका लागि भत्ता :** यो भत्ता पनि २०५२ सालदेखि प्रतिमहिना रु. एक सय दिने गरी लागू गरिएको थियो । २०६५ सालमा आंशिक रूपमा अपाङ्गता भएका व्यक्तिका लागि प्रतिमहिना रु. तीन सय र पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि प्रतिमहिना रु. एक हजार पुऱ्याउनुपूर्व यसलाई पनि पटक-पटक बढाइएको थियो । आव २०७३/७४ को बजेटमा यस भत्तालाई दोब्बर बनाइएको छ ।

**लोपोन्मुख आदिवासी तथा जनजाति समुदायका लागि भत्ता :** २०६५ सालदेखि सम्पूर्ण लोपोन्मुख आदिवासी तथा जनजाति समुदायलाई प्रतिमहिना रु. पाँच सय दिने गरी लागू गरिएको थियो । २०६६ सालमा यो भत्तालाई प्रतिमहिना रु. एक हजार पुऱ्याइएको थियो र आव २०७३/७४ को बजेटमा यस भत्तालाई दोब्बर बनाइएको छ ।

**बाल संरक्षण भत्ता :** यो भत्ता २०६६ सालदेखि लागू गरिएको थियो । सुरुमा यो अनुदान सबैलाई दिने अवधारण बनाइएको भए पनि बजेटको अभावका कारण पछि यसलाई लक्षित समुदायलाई मात्र उपलब्ध गराइने अनुदानका रूपमा लागू गरियो ।[५] सुरुमा यो अनुदान प्रति-बालक/बालिका रु. दुई सयका दरले प्रतिपरिवार दुई जना बालबालिकामा नबढ्ने गरी कर्णाली जिल्लाका पाँच वर्षभन्दा मुनिका बालबालिका र देशका अन्य भागका पाँच वर्षभन्दा मुनिका दलित बालबालिकालाई उपलब्ध गराइएको थियो । आव २०७०/७१ मा यो अनुदान

---

[५] कोहलर, २०११, पृष्ठ १२

बाजुरा र बझाङ जिल्लाका पाँच वर्षभन्दा मुनिका सम्पूर्ण बालबालिका लागि पनि उपलब्ध गराउन थालियो । यसको उद्देश्य बालबालिकाका आधारभूत उपभोग्य आवश्यकता धान्न तिनका परिवारलाई सहयोग गर्नु रहेको छ। यो अनुदान प्रतिमहिना रु. दुई सय मात्र भएकोले यसको प्रभाव भने कमजोर रहेको पाइएको छ ।

**मध्यान्हको खाजा कार्यक्रम :** कर्णाली अञ्चल र सुदूर तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका १९ वटा छानिएका जिल्लामा विद्यालयमा उपस्थिति बढाउनका लागि विश्व खाद्य कार्यक्रमको व्यवस्थापनसहित सरकारी अनुदानका माध्यमबाट यस्तो सुविधा विद्यार्थीहरूलाई उपलब्ध गराउँदै आइएको छ ।

**छात्रवृत्ति :** दलित बालबालिका तथा युवा, बालिकाहरू, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी तथा जनजाति समुदाय तथा सीमान्तीकृत समूहहरू र द्वन्द्व प्रभावित तथा शहीदका छोराछोरीलाई छात्रवृत्ति सुविधा उपलब्ध गराइरहिएको छ। यसको एउटा उद्देश्य विद्यालयमा छात्राहरूको उपस्थिति बढाउने भए पनि यसको प्रभाव उल्लेख्य रूपमा परेको छैन ।

**द्वन्द्वपीडितका लागि नगद हस्तान्तरण कार्यक्रम :** यो कार्यक्रम २०६६ सालमा शुरु गरिएको थियो। यसअन्तर्गत विगतको सशस्त्र द्वन्द्वकालमा निधन भएका व्यक्तिको परिवारलाई रु. पाँच लाख भुक्तानी गरिएको थियो भने द्वन्द्वकालका क्रममा घाइते हुने कुनै पनि व्यक्तिलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट नियुक्त गरिएको चिकित्सकद्वारा प्रमाणित गरिएको क्षति मात्राका आधारमा एकमुष्ठ रकम भुक्तानी उपलब्ध गराइएको थियो।

**सुत्केरी भत्ता :** गर्भवती महिलालाई स्वास्थ्य परीक्षण तथा स्वास्थ्य संस्थामा गराइने प्रसुति सेवामा यातायात खर्च व्यहोर्ने उद्देश्यले रु १ हजार उपलब्ध गराउने गरिएको छ। विगतमा यसरी उपलब्ध गराउने गरिएको रकम भौगालिक अवस्थितिका आधारमा भिन्दाभिन्नै थियो, जसअनुसार तराई क्षेत्रमा बसोबास भएका गर्भवती महिलाले एकमुष्ठ रु. ५०० (हरेक गर्भवती अवस्था) पाउने तथा पहाडी क्षेत्रमा बसोबास भएका महिलाले रु. १००० र हिमाली क्षेत्रमा बसोबास गर्ने महिलाले रु. १५०० पाउने व्यवस्था छ। यसका अतिरिक्त उनीहरूको उपचार गर्ने स्वास्थ्यकर्मीले रु. ३०० र सेवा केन्द्रले रु. १००० (प्रति गर्भवती महिला) पाउने गरेका छन् ।

**ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्योपचार सेवा**का रूपमा ७० वर्ष वा सोभन्दा बढी उमेरका कुनै पनि नागरिकलाई प्रतिवर्ष रु.४,००० (चार हजारसम्म) उपलब्ध गराइन्छ। सरकारले हालै ज्येष्ठ नागरिकका लागि स्वास्थ्योपचार बीमाको घोषणा गरेको छ ।

**नि:शुल्क आधारभूत स्वास्थ्योपचार सेवा** तोकिएका स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराइन्छ र ६० वटा सूचीकृत गरिएका औषधि नि:शुल्क रूपमा उपलब्ध गराइन्छन् ।

**वस्तुगत-सामग्री सहयोग** प्राकृतिक विपत्तिबाट प्रभावित व्यक्तिहरूलाई उपलब्ध गराइन्छ ।

## श्रम बजार हस्तक्षेप

श्रम बजार हस्तक्षेपअन्तर्गत कर्णाली अञ्चलमा रोजगारी कार्यक्रम, ग्रामीण समुदाय पूर्वाधार कार्यक्रम, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रशिक्षण, सीप तथा उद्यमशीलता विकास कार्यक्रम तथा बालश्रम उन्मूलन र बालश्रम सुधार कार्यक्रम सञ्चालन गरिएका छन्; यी सबै कार्यक्रम रोजगारी वृद्धि तथा उत्पादनमूलक श्रम बजारलाई सहजीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएका हुन् ।

**रोजगारी भत्ता** कर्णाली रोजगारी कार्यक्रमसँग सम्बन्धित छ, जुन सन् २००६ मा परीक्षणका रूपमा कर्णाली अञ्चलमा एक परिवार-एक रोजगारी कार्यक्रमका रूपमा थालनी गरिएको थियो । यस कार्यक्रमअन्तर्गत कोही पनि रोजगार नभएका प्रत्येक परिवारका एक जनालाई प्रतिवर्ष एक सय दिनका लागि प्रतिदिन रु. ५० का दरले भत्ता उपलब्ध गराइन्छ । गरीब घरपरिवारका लागि तयार गरिएको यस कार्यक्रमको उद्देश्य खाद्य असुरक्षा, चरम गरिबी र मौसमी आप्रवासनलाई सम्बोधन गर्नका लागि ग्रामीण पूर्वाधारमा सुधार गर्दै ग्रामीण रोजगारी सिर्जना गर्नु हो ।

सन् १९९६ मा थालिएको **ग्रामीण समुदाय पूर्वाधार कार्य**अन्तर्गत लाभग्राहीहरूलाई प्रतिदिन चार किलो चामल र आधा किलो दाल वा रु. १३०-१४० उपलब्ध गराइन्छ । अर्द्ध-दक्षतायुक्त ग्रामीण सडक निर्माण कार्य सञ्चालनमा रहेका २१ वटा छानिएका जिल्लामा यो कार्यक्रम लागू गरिएको छ। यो कार्यक्रमको उद्देश्य अल्पकालीन रोजगारी उपलब्ध गराएर तथा सामाजिक तथा आर्थिक सम्पत्ति सिर्जना गरेर वा संरक्षणका माध्यमबाट सामाजिक सुरक्षा उपलब्ध गराइ दुर्गम क्षेत्रका गरीब जनतालाई सघाउनु हो ।[६]

**वैदेशिक रोजगार प्रवर्द्धन समिति अन्तर्गतका योजनाहरू**ले विदेशमा करारमा काम गर्ने क्रममा निधन भएका वा घाइते भएका आप्रवासी कामदारका परिवारलाई रु.१५०,००० हजार उपलब्ध गराउँछ ।

---

[६] ऐजन, पृष्ठ १२ ।

**परिस्कृत व्यावसायिक शिक्षा तथा तालिम** युवालाई सीपमूलक प्रशिक्षण दिनका लगि सन् २०१३ देखि शुरु गरिएको थियो ।

**द्विपक्षीय सम्झौताहरू :** नेपालले **आप्रवासी कामदारका सम्बन्धमा इजरायल**, जापान तथा दक्षिण कोरियासँग सरकारी स्तरमा द्विपक्षीय श्रम सम्झौता गरेको छ । यसका अतिरिक्त सरकारले मलेसिया, कतार, साउदी अरबलगायतका राष्ट्रहरूसँग कामदार भर्ना गर्नका लागि निजी क्षेत्रलाई अनुमति दिने तथा कोटा, ज्याला, सीप आवश्यकता नतोक्नेसम्बन्धमा सरकारी सम्झौतासरहको समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

**अन्य कार्यक्रमहरू**मा सीप तथा उद्यमशीलता विकास कार्यक्रम, बालश्रम उन्मूलन तथा बालश्रम सुधार कार्यक्रम रहेका छन् ।

# ५ कार्यान्वयन गर्ने निकायहरू

अहिले भिन्दाभिन्दै निकायहरूले विभिन्न खालका सामाजिक सुरक्षा योजना कार्यान्वयन गरिरहेका छन् । उदाहरणका लागि, सार्वजनिक क्षेत्रको निवृत्तिभरणको व्यवस्थापन निवृत्तभरण व्यवस्थापन कार्यालयले गर्दै आएको छ । कर्मचारी सञ्चय कोषको व्यवस्थापन कर्मचारी सञ्चय कोषले गर्दै आएको छ भने नागरिक लगानी कोषको सञ्चालन नागरिक लगानी कोषले गर्दै आएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ज्येष्ठ नागरिक, एकल महिला, विधवा तथा अपाङ्गता भएका व्यक्ति, आदिवासी-लोपोन्मुख जनजाति भत्ता तथा बाल संरक्षणका लागि अनुदान उपलब्ध गराइरहेको छ । सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूका लागि भत्ता उपलब्ध गराउने कार्यको व्यवस्थापन शान्ति तथा पुनःस्थापना मन्त्रालयबाट हुँदै आएको छ । श्रम तथा रोजगार मन्त्रालय र शिक्षा मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा प्रशिक्षण एवं सीप तथा उद्यमशीलता विकास कार्यक्रम हेर्दै आएका छन् । शिक्षा मन्त्रालयले छात्रवृत्ति तथा मध्यान्हको खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुत्केरी प्रोत्साहन योजना, ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रम, निःशुल्क स्वास्थ्योपचार कार्यक्रम तथा स्वास्थ्य बीमाको व्यवस्थापन गर्दै आएको छ। यसैगरी गृह मन्त्रालयले प्राकृतिक प्रकोपजन्य विपत व्यवस्थापन र उद्धारसम्बन्धी कार्य गर्दै आएको छ । कतिपय विकास साझेदार तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले पनि सामाजिक सुरक्षा योजनाहरूलाई सघाइरहेका छन् । हाल लागू भइरहेका विभिन्न सामाजिक सुरक्षा योजनाहरू र तिनीहरूलाई कार्यान्वयन गर्ने निकायरूको विस्तृत सूची परिशिष्ट 'क' मा दिइएको छ ।

एक दर्जनभन्दा बढी मन्त्रालय तथा निकायहरूले सामाजिक सुरक्षाका अबयवसम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएका भए पनि सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयन तथा अनुगमनका लागि कुनै पनि व्यवस्थित संस्थागत रणनीति तयार गरिएको छैन ।[७] श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत २०६८ असारमा सामाजिक सुरक्षा कोष स्थापना गरिएको भए पनि अहिलेसम्म यसले सामाजिक सुरक्षा क्षेत्रमा नेतृत्वदायी भूमिका लिन सकेको छैन । "सम्बन्धित निकायहरूबीचको कमजोर समन्वय, कमजोर सूचना व्यवस्थापन प्रणाली तथा संस्थागत क्षमताको अभाव गम्भीर समस्याका रूपमा रहेका छन् ।"[८]

---

[७] खनाल, सन् २०१४, पृष्ठ ६ ।

[८] ऐजन, पृष्ठ ७ ।

# ६ बजेट विनियोजन

सामाजिक सुरक्षा व्यवस्थाका लागि सरकारी राजस्वबाटै बजेट विनियोजन गर्ने गरिएको छ। सामाजिक सुरक्षाको क्षेत्रमा आव २०६८/६९ मा रु. २९ अर्ब खर्च भएकोमा आव २०७१/७२ मा ६१ अर्ब खर्च भएबाट छोटो अवधिमा यसमा उल्लेख्य वृद्धि भएको देखिन्छ *(तालिका ५)*। आगामी दिनमा यो रकम निश्चित रूपमा बढ्ने छ।

सामाजिक सुरक्षा खर्चमध्ये एक तिहाइभन्दा बढी निवृत्तिभरण सुविधामा मात्रै हुने गरेको छ। प्रहरी, सैनिक सेवा र शिक्षण सेवामा संलग्न जनशक्ति बढ्दै गएसँगै निवृत्तिभरण पाउनका लागि योग्य व्यक्तिहरूको संख्यामा पनि निरन्तर वृद्धि हुने निश्चित छ। नेपालीको सापेक्षित आयु बढ्दै गएकाले निवृत्तिभरण भुक्तानीमा सरकारको दायित्व पनि सोही दरमा बढ्दै जाने देखिन्छ।

सामाजिक सुरक्षा लागत अहिले चालू खर्चको १५ प्रतिशत र कुल खर्चको १० प्रतिशत छ भने कुल गार्हस्थ उत्पादन र यस लागतको अनुपात २.४ प्रतिशत रहेको छ। यो खर्च भविष्यमा उल्लेख्य रूपमा बढ्नेछ। नयाँ संविधान र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूका आधारमा सामाजिक सुरक्षासम्बन्धी अन्य योजना कार्यान्वयन गर्नुपर्ने बढ्दो आवश्यकताका कारण सामाजिक सुरक्षाको भुक्तानीसम्बन्धी आवश्यकतामा विस्तार भई बजेटमाथि अतिरिक्त भार थपिने भएकोले केही वर्षको अवधिमै गैर-योगदानमूलक सामाजिक सुरक्षा योजनाहरू दिगो हुने छैनन्।

**तालिका ५ : सामाजिक सुरक्षा योजनामा खर्च गरिएको बजेट**

| विवरण आव | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ |
|---|---|---|---|---|
| **सामाजिक सुरक्षा खर्चको संरचना (रु. करोडमा)** | | | | |
| अवकास सुविधा (निवृत्तिभरण तथा अन्य भत्ताहरु) | १७६१ | २२६१ | २६९४ | ४४३४ |
| सामाजिक सुरक्षा भत्ता | ९६२ | ११६३ | १२०८ | १४६४ |
| छात्रवृत्ति | १९७ | १९१ | १७७ | १६४ |
| कुल | २९२० | ३६१५ | ४०८० | ६०६२ |
| **सामाजिक सुरक्षा खर्चको संरचना (प्रतिशत)** | | | | |
| निवृत्तिभरण भत्ता | ६०.३ | ६२.५ | ६४.५ | ६८.१ |
| सामाजिक सुरक्षा भत्ता | ३२.९ | ३२.२ | ३०.९ | २८.७ |
| छात्रवृत्ति | ६.८ | ५.३ | ४.५ | ३.२ |
| कुल | १००.० | १००.० | १००.० | १००.० |
| **चालू खर्चमा सामाजिक सुरक्षा खर्चको प्रतिशत** | | | | |
| निवृत्तिभरण भत्ता | ७.२ | ९.१ | ८.३ | १०.२ |
| सामाजिक सुरक्षा भत्ता | ४.० | ४.७ | ४.० | ४.३ |
| छात्रवृत्ति | ०.८ | ०.८ | ०.६ | ०.५ |
| कुल | १२.० | १४.६ | १२.९ | १५.० |
| **कुल खर्चमा सामाजिक सुरक्षा खर्चको प्रतिशत** | | | | |
| निवृत्तिभरण भत्ता | ५.२ | ६.३ | ५.८ | ६.६ |
| सामाजिक सुरक्षा भत्ता | २.८ | ३.२ | २.८ | २.८ |
| छात्रवृत्ति | ०.६ | ०.५ | ०.४ | ०.३ |
| कुल | ८.६ | १०.१ | ९.० | ९.८ |
| **कुल गार्हस्थ उत्पादनमा सामाजिक सुरक्षा खर्चको प्रतिशत** | | | | |
| निवृत्तिभरण भत्ता | १.२ | १.३ | १.३ | १.६ |
| सामाजिक सुरक्षा भत्ता | ०.६ | ०.७ | ०.६ | ०.७ |
| छात्रवृत्ति | ०.१ | ०.१ | ०.१ | ०.१ |
| कुल | १.९ | २.१ | २.० | २.४ |

*स्रोत : बजेट वक्तव्यहरू तथा लेखकको गणना*

## वित्तीय व्यवस्थापन

माथि उल्लेख गरिएझैँ निवृत्तिभरण तथा उपदान सुविधा एवं नगद वितरणका लागि आर्थिक स्रोत व्यवस्था कर राजस्वबाट गर्ने गरिएको छ । यद्यपि विशेष उद्देश्यका लागि कुनै कर वा सामाजिक योगदानको व्यवस्था भने गरिएको छैन । कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषमा सामाजिक सुरक्षा योगदानबाट आर्थिक स्रोतको व्यवस्थापन भइरहेको छ । कर्मचारी सञ्चय कोषमा रोजगारदाता तथा कर्मचारी दुवैले योगदान गर्ने गरेका छन् भने नागरिक लगानी कोषमा रोजगारदाताबाट योगदान गर्नुपर्ने व्यवस्था गरिएको छैन ।

सामाजिक सुरक्षा योजनाहरूका लागि आर्थिक स्रोतको व्यवस्था गर्न आव २०६६/६७ देखि तलब आर्जन गर्ने व्यक्तिको करयोग्य रकमको पहिलो स्ल्याबमा एक प्रतिशत करको व्यवस्था गरिएको भए पनि हालसम्म यो करकट्टी गरिएको रकम परिचालित गर्ने गरी ठोस योजना तर्जुमा गरिएको छैन । योगदानकर्ताहरूलाई उपलब्ध गराइनुपर्ने सुविधाका सम्बन्धमा अहिलेसम्म कुनै निर्णय नै गरिएको छैन ।

अन्य सामाजिक सुरक्षा योजनाका लागि आर्थिक व्यवस्थापन संकलित राजस्वबाटै भइरहेको छ । आव २०७२/७३ मा योगदानसहितको स्वास्थ्य बीमा कार्यक्रम कैलाली, बागलुङ तथा इलाम जिल्लामा परीक्षणका रूपमा लागू गरिएको छ र सरकारले आव २०७३/७४ को बजेट वक्तव्यमा यो कार्यक्रम आव २०७३/७४ मा २५ जिल्लामा लागू गरि तीन वर्षभित्रमा देशभरि विस्तार गरिने घोषणा गरेको भए पनि त्यसलाई कार्यान्वयन गर्ने ठोस कार्यक्रम तथा तयारीको अभावमा त्यो सम्भव हुने देखिदैन ।

# ७ सामाजिक सुरक्षाको क्षेत्र तथा अन्तर

सामाजिक सुरक्षा व्यवस्थाले समेटेको जनसंख्या निकै सीमित छ । निवृत्तिभरण सुविधा सार्वजनिक क्षेत्रका कर्मचारी अर्थात् निजामती कर्मचारी (नेपाल निजामती सेवा कानुन अन्तर्गतका कर्मचारी, संवैधानिक निकायका कर्मचारी, विधायिका संसद्का कर्मचारी, विशेष सेवाका कर्मचारी, सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका न्यायाधीशहरू), शिक्षक, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेनालाई मात्र उपलब्ध छ। आव २०७१/७२ मा दुई लाख १२ हजार सात लाभग्राही निवृत्तिभरण योजनाबाट लाभान्वित भएका थिए *(तालिका ६)*।

**तालिका ६ : निवृत्तिभरण योजनाका लाभग्राहीहरू**

| आर्थिक वर्ष | निजामती कर्मचारी | प्रहरी | शिक्षक | नेपाली सेना | कुल |
|---|---|---|---|---|---|
| २०६८/६९ | ६६३०६ | ४२८६९ | २३८८५ | ५६५०० | १८९५६० |
| २०६९/७० | ६८२०७ | ४४६३० | २५२८९ | ५८५०० | १९६६२६ |
| २०७०/७१ | ६४३५४ | ४०८७८ | २८६२२ | ६४१०९ | १९७९६३ |
| २०७१/७२ | ६८२८६ | ४३४७३ | ३२८५० | ६७३९८ | २१२००७ |

*स्रोत : निवृत्तभरण व्यवस्थापन कार्यालय*

तालिका ७ मा उल्लेख गरिएअनुसार आव २०७१/७२ मा कर्मचारी सञ्चय कोषले पाँच लाख कर्मचारीलाई समेटेको थियो ।

**तालिका ७ : कर्मचारी सञ्चय कोषमा सहभागिता**

| कर्मचारीको वर्ग | कर्मचारीको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निजामती कर्मचारी | ९३००० | १८.६ |
| नेपाली सेना | १०१००० | २०.२ |
| नेपाल प्रहरी तथा सशस्त्र प्रहरी | १०३००० | २०.६ |
| सार्वजनिक संस्थान तथा निजी क्षेत्रका कर्मचारी एवं मजदुरहरु | ११२००० | २२.४ |
| सामुदायिक तथा संस्थागत विद्यालय शिक्षकहरु | ९१००० | १८.२ |
| जम्मा | ५००००० | १०० |

*स्रोत : कर्मचारी सञ्चय कोष*

नागरिक लगानी कोषको अवकास योजनाले करिब एक लाख ७० हजार कर्मचारी तथा श्रमिकलाई समेटेको छ । तालिका ८ मा आव २०६९/७० देखि आव २०७२/७३ को बीचमा सामाजिक सहयोगबाट लाभान्वित व्यक्तिहरूको सङ्ख्या प्रस्तुत गरिएको छ ।

**तालिका ८ : सामाजिक नगद वितरणबाट लाभान्वितहरूको सङ्ख्या**

| लाभग्राहीहरु | लाभग्राहीको सङ्ख्या | | | |
|---|---|---|---|---|
| | आव २०६९/७० | आव २०७०/७१ | आव २०७१/७२ | आव २०७२/७३ |
| ज्येष्ठ नागरिक | ८६४१४४ | ९२९१८० | ९५१४१९ | १०४९८१९ |
| एकल महिला | ३६१३५० | ३४११०६ | २३१३५२ | १७२८४२ |
| अपाङ्गता भएका व्यक्ति | २८९१२ | ३२३५५ | ३३५७८ | ६२३२० |
| 'लोपोन्मुख' तथा सीमान्तीकृत आदिवासी तथा जनजाति समूहहरु | १८८२५ | १९२२३ | २०३०८ | २३३४६ |
| विधवा | २१९९३३ | ३१३६१३ | ४१७२०१ | ४८७२८६ |
| बालबालिका | ५५१९१६ | ५३७११८ | ५०६७१८ | ४६९९२२ |
| **जम्मा** | **२०४५०८०** | **२१७२५९५** | **२१६०५६७** | **२२६५५३५** |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय*

नेपालको कुल श्रम शक्तिको ९० प्रतिशतभन्दा बढी अंश ओगटिरहेको असंगठित तथा अनौपचारिक क्षेत्रका श्रमिक एवं कर्मचारीहरूका लागि कुनै किसिमको सामाजिक सुरक्षा योजनाको व्यवस्था छैन । विदेशमा काम गरिरहेका नेपाली नागरिक (वा नेपालमा काम गरिरहेका विदेशी नागरिकहरू) का लागि पनि सामाजिक सुरक्षाको व्यवस्था गरिएको छैन । नेपालीहरू कार्यरत रहेका राष्ट्रहरूमा सामाजिक सुरक्षासम्बन्धी सम्झौताका लागि नेपालले छलफल अघि बढाएकै छैन ।

विगत केही समययता कैयन प्रकारका सामाजिक सहयोग योजनाहरू कार्यान्वयनमा ल्याइएका भए पनि सन् २०१४ मा यस्ता खालका सामाजिक सुरक्षा योजनाहरूबाट लाभान्वित हुनेको कुल सङ्ख्या ७६ लाखमात्र पुगेको छ, जुन कुल जनसङ्ख्याको २७.३ प्रतिशत मात्रै हुन आउँछ ।

हालका सामाजिक सुरक्षा योजनाहरूबाट सार्वजनिक क्षेत्र मात्र लाभान्वित भएको देखिन्छ । निजी क्षेत्रमा काम गर्नेहरूका लागि निवृत्तिभरणको कुनै व्यवस्था छैन भने निजी क्षेत्रका कर्मचारीका लागि उपदानको व्यवस्था पनि अनिवार्य गरिएको छैन । कर्मचारी सञ्चय कोषको

व्यवस्थासमेत १० वा सोभन्दा बढी कर्मचारीलाई रोजगारी उपलब्ध गराइरहेका प्रतिष्ठानका कामदारलाई मात्र उपलब्ध भइरहेको छ । यो व्यवस्थाले स्व-रोजगार कामदार, अनौपचारिक क्षेत्रका कामदार तथा अन्य सर्वसाधारण नेपाली नागरिकलाई समेट्न सकेको छैन । त्यसैले वर्तमान व्यवस्था विभेदकारी छ र समाजका तुलनात्मक रूपमा बढी शिक्षित तथा सम्पन्न नेपाली नागरिकबीच मात्र सीमित छ ।

हालका सामाजिक सुरक्षा योजनाहरूमा दोहोरिने/खप्टिने जस्ता अन्य कमजोरीहरू पनि छन् । उदाहरणका लागि, कोही सेवानिवृत्त व्यक्तिको निधन भएमा दिवंगत व्यक्तिका जीवित दम्पत्ति सदस्य निवृत्तिभरण रकमको हकदार हुन्छन्, यसका अतिरिक्त उनले आफ्नै निवृत्तिभरण पनि पाउँछन् । यसैगरी कुनै कर्मचारी ५८ वर्षको हुनुभन्दा अगावै २० वर्षको सेवा अवधिका आधारमा सेवानिवृत्त भएमा ऊ निवृत्तिभरण प्राप्त गर्नका लागि योग्य हुन्छ । सञ्चय कोषको व्यवस्था वृद्धावस्थामा आय सुरक्षाका लागि गरिएको भए पनि यसले वृद्धावस्थामा आय सुरक्षा उपलब्ध गराउन सकेको छैन; किनकी अधिकांश कर्मचारीले तिनको सञ्चय कोषमा रहेको बचत आफू सक्रिय रूपमा काम गरिरहेको समयमै प्राप्त गर्ने गरेका छन् । त्यसैले उनीहरू सेवानिवृत्त हुने समयमा कोषबाट सानो रकममात्र पाउँछन् ।

सामाजिक नगद वितरण अन्तर्गतको सुविधा रकम गरिबी सीमाभन्दा निकै न्यून छ र यसलाई मुद्रास्फीतिअनुसार समायोजन गरिएको छैन । यस कार्यक्रमले नसमेटेको समुदाय पनि ठूलो छ । उदाहरणका लागि, ज्येष्ठ नागरिक तथा एकल महिला भत्ता योजनाका लागि योग्य ३८ देखि ४० प्रतिशतले उक्त सुविधा पाइरहेका छैनन् ।[९]

विभिन्न योजना विभिन्न निकायबाट कार्यान्वयन गर्ने चलनका कारण पुनरावृत्तिको सम्भावनालाई बढाउने र समन्वयमा अभाव सिर्जना मात्र गरेको छैन कि यसले सीमित स्रोत परिचालनबाट अधिकतम प्रभाव हासिल हुनसक्ने सम्भावनालाई समेत विफल तुल्याएको छ ।

विगत सात वर्षदेखि सामाजिक सुरक्षा कर तलबबाट कट्टी गर्ने गरिएको भए पनि उक्त कर प्रयोग गर्ने कार्यविधि र करदातालाई उपलब्ध गराइनुपर्ने सामाजिक सुरक्षाका सुविधाबारे सरकारले निर्णय गर्न बाँकी नै छ ।

---

९ ऐजन, पृष्ठ २१ ।

# ८ भावी मार्गचित्र

सामाजिक सुरक्षा योजनाहरूलाई समतामूलक तथा दिगो बनाउनका लागि सामाजिक बीमा, सामाजिक सहयोग तथा श्रम बजार हस्तक्षेपसहितका बहु-स्तम्भीय सामाजिक सुरक्षा योजनालाई विस्तारित, पुनःसंरचित तथा सशक्त बनाइनु आवश्यक छ ।

सेवानिवृत्त भइसकेपछि न्यूनतम आय सुनिश्चित गर्नका लागि श्रमिक तथा कर्मचारी एवं स्वरोजगार व्यक्तिले आफू रोजगार रहेको अवधिमा सामाजिक बीमाअन्तर्गत योगदान गर्ने व्यवस्था लागू गरिनुपर्छ । यस सन्दर्भमा विद्यमान योगदानरहित निवृत्तिभरण योजनालाई योगदानमूलक योजनामा रूपान्तरित गरिनु पर्दछ र सार्वजनिक एवं निजी क्षेत्र (जसमा एक वा सोभन्दा बढी श्रमिक तथा कर्मचारीहरू काम गरिरहेका छन्), विदेशमा काम गरिरहेका नेपाली कामदार तथा नेपालस्थित प्रतिष्ठानहरूमा काम गरिरहेका विदेशी कामदारहरूका लागि यो व्यवस्था अनिवार्य बनाइनुपर्दछ । योगदानमूलक सिद्धान्तका आधारमा सञ्चालनमा रहेको कर्मचारी सञ्चय कोषको व्यवस्था सार्वजनिक क्षेत्र तथा निजी प्रतिष्ठान, विदेशमा काम गरिरहेका नेपाली कामदार तथा नेपालस्थित प्रतिष्ठानहरूमा काम गरिरहेका विदेशी कामदारहरूका लागि अनिवार्य बनाइनुपर्दछ । निवृत्तिभरण तथा सञ्चय कोषका योजनाहरू स्वरोजगार तथा अनौपचारिक क्षेत्रमा कार्यरत कामदारहरूका लागि स्वेच्छिक बनाइनुपर्दछ । यसको उद्देश्य मानिसलाई तिनको वृद्धावस्थामा आम्दानी सुनिश्चित गर्ने हुनुपर्दछ ।

निवृत्तिभरण तथा सञ्चय कोष योजनाहरूको परिपूरकका रूपमा नागरिक लगानी कोष तथा आयकर ऐन अन्तर्गतका अन्य स्वीकृत निवृत्तिभरण योजनाहरूलाई स्वेच्छिक रूपमा जारी राख्न सकिन्छ । श्रमिक तथा कर्मचारीहरूले योगदान गर्ने यस्ता योजनामा रोजगारदाताको भने योगदान रहँदैन । यसको उद्देश्य बचतकर्ताहरूलाई भविष्यका लागि बचत गर्न प्रोत्साहित गरेर परिपूरक संरक्षण उपलब्ध गराउने हुनुपर्दछ ।

विगतका केही वजेटहरुमा झैं आव २०७३/०७४ को बजेटमा पनि कार्यस्थलको दुर्घटना बीमा, सुत्केरी सुविधा, औषधोपचार सुविधा तथा बिरामी सुविधा योजनाहरू प्रस्तावित गरिएका छन् । यसैगरी यस बजेटमा अनौपचारिक क्षेत्रका श्रमिकहरूका लागि दुर्घटना बीमाका अतिरिक्त अन्य सामाजिक सुरक्षासँग सम्बन्धित कदमको पनि घोषणा गरिएको छ । तर यी योजनाको सुविधा प्याकेज तथा योगदान संयन्त्रको विस्तृत रूप भने तयार गरिएको छैन । सामाजिक सुरक्षालाई राजनीतिक नाराका रुपमा भन्दा पनि नेपाली जनताको आवश्यकताको रुपमा लिइ सुविधा प्याकेज तथा योगदान संयन्त्रको व्यवस्था गरि व्यवहारमा लागु गरिनु पर्दछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले सम्पन्न गरेको तथ्यांकीय विश्लेषण पद्धतिमा आधारित अध्ययन (एक्यूरल स्टडी-सन् २०१५) ले निम्नलिखित योजनाहरूका लागि करिब ५० हजार तलबी श्रमिक तथा कर्मचारीहरूले निम्नानुसारको प्रस्तावित योगदान गर्नुपर्ने निष्कर्ष निकालेको छ *(तालिका ९)*।

**तालिका ९ : सामाजिक सुरक्षामा योगदान**

| सामाजिक सुरक्षा योजनाहरु | योगदान दर (प्रतिशत) |
|---|---|
| सुत्केरी स्याहार सुविधा | ०.४ |
| बिरामी सुविधाहरु | ०.४ |
| कार्यथलोको दुर्घटना | १.४ |
| चिकित्सकीय सेवा | ३.६ |
| बेरोजगारी सुविधा | २.४ |
| जम्मा | ८.२ |

*स्रोत : आईएलओ, सन् २०१५*

निजी क्षेत्रका रोजगारदाताहरूले विभिन्न किसिमका सामाजिक सुरक्षाका लागि श्रमिकले पाउने तलबको २० प्रतिशत योगदान गर्न सहमति जनाइसकेका छन्। अहिले नै कर्मचारी सञ्चय कोष तथा उपदान कोषका लागि क्रमशः १० प्रतिशत तथा ८.३ प्रतिशत योगदान भइरहेको अवस्थामा बाँकी १.७ प्रतिशत अन्य सामाजिक सुरक्षा योजनाका लागि योगदानका रूपमा उपयोग गर्न सकिन्छ।

अनावश्यक स्रोत संकलन हुन नदिन तथा कोष नरित्तियोस् भन्ने सुनिश्चित गर्नका लागि वस्तुगत विश्लेषणका आधारमा प्रत्येक तीन वर्षमा योगदान दरको समीक्षा गर्नु आवश्यक छ।

कर्मचारीहरूको तलबबाट सामाजिक सुरक्षा करवापत अहिले सम्म रु. १० अर्बभन्दा बढी रकम कट्टी भइरहेको छ। सो रकमलाई सामाजिक सुरक्षा योजनाहरू कार्यान्वयन गर्नका लागि बीउपुँजीका रूपमा प्रयोग गरिनु पर्दछ। यस्तै, केन्द्रीय कल्याण कोषमा जम्मा गरिएको रु. ११ अर्ब (बोनस ऐनअन्तर्गत वितरण गरिएपछिको बाँकी ३० प्रतिशतबाट) पनि सामाजिक सुरक्षा योजनाहरूका लागि आर्थिक स्रोतका रूपमा प्रयोग गर्न बीउपुँजीका रूपमा सामाजिक सुरक्षा कोषमा स्थानान्तरण गरिनुपर्दछ। यसका अतिरिक्त विभिन्न सामाजिक सुरक्षा योजनाहरूलाई सघाउन दातृ निकायबाट सहयोगको खोजी गरिनुपर्दछ।

श्रम तथा रोजगार मन्त्रालयले भविष्यमा देशको सामाजिक सुरक्षा योजना तयार गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्छ, जसमा अहिले निजी क्षेत्रका लागि सामाजिक बीमा योजनाहरू तयार गर्नुपर्ने तथा तिनलाई स्थापित गर्नुपर्ने दायित्व छ, जुन काम आफैमा एउटा निकै कठिन काम हो । प्रस्तावित श्रम तथा सामाजिक सुरक्षा विधेयकहरू पारित गर्ने कार्यले अन्य विषयका साथसाथै निजी क्षेत्रका लागि विस्तृत सामाजिक सुरक्षा व्यवस्था लागू गर्नका लागि कानुनी आधार सिर्जना गर्नेछ । माथि उल्लेख गरिएझैँ निजी क्षेत्रको सामाजिक बीमा व्यवस्थापन गर्नका लागि श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत सामाजिक सुरक्षा कोष स्थापना गरिसकिएको छ ।

सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयले आफ्ना भूमिकालाई प्रभावकारी रूपमा निर्वाह भएको सुनिश्चित गर्न अल्पकालीनरूपमा निम्न काम गर्नुपर्दछः

- निजी क्षेत्रमा लागू हुनसक्ने सुविधा प्याकेज र योग्यताका मापदण्डसहित चरणबद्ध रूपमा लागू गरिने सामाजिक सुरक्षा योजनाहरू (उदाहरणका लागि, श्रमसम्बन्धित चोटपटक बीमा, सुत्केरी सुविधा, औषधोपचार तथा स्वास्थ्य सेवाजन्य योजनाहरू);
- सामाजिक सुरक्षा नियमावली, संशोधित श्रम नियमावली, व्याख्यात्मक टिप्पणीहरू, प्रशिक्षण सामग्रीहरू तथा शैक्षिक सामग्रीहरू;
- सामाजिक सुरक्षा कोषका अधिकारीहरू तथा निजी क्षेत्रका प्रतिष्ठानहरूका कर्मचारीहरूका लागि प्रशिक्षण कार्यक्रमहरू ;
- निजी प्रतिष्ठानहरूका कामदार-कर्मचारीसहित सरोकारवालाहरूका लागि शैक्षिक अभियान;
- कम्प्यूटरकृत प्रणाली;
- विभिन्न योजनाका लागि सामाजिक सुरक्षा कोषहरूको सिर्जना तथा सञ्चालनसम्बन्धी आवश्यक तयारी;
- सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयका लागि पञ्चवर्षीय रणनीतिक योजना;
- सामाजिक सुरक्षा कोष तथा श्रम तथा रोजगार मन्त्रालयका लागि त्रिवर्षीय सुधार योजना;
- आप्रवासमा जान चाहनेका लागि तिनीहरूको सुरक्षित आप्रवास सुनिश्चित गर्नका लागि प्रस्थान गर्नुपूर्वको सशक्त प्रशिक्षण तथा सूचना सम्प्रेषण योजना; एवं
- आप्रवासी कामदारहरूका अधिकार, कल्याण तथा सुरक्षा सुनिश्चित गर्नका लागि प्रमुख गन्तव्य राष्ट्रहरूसँग द्विपक्षीय सम्झौताहरू ।

# सन्दर्भ सूची


एसियाली विकास बैंक (ए.डि.बि.), सन् २००३, *सोसियल प्रोटेक्सन, आवर फ्रेमवर्क पोलिसिज् एण्ड स्ट्राटेजिज्* (काठमाडौँ)

-, सन् २०११, *नेपाल : सपोर्टिङ द डेभेलप्मेन्ट अफ अ सोसियल प्रोटेक्सन फर नेपाल* (काठमाडौँ)

बडाल आर., सन् २००५, *सोसियल प्रोटेक्सन सिस्टम इन नेपाल,* नोभेम्बरमा बेइजिङमा आयोजित सामाजिक सुरक्षासम्बन्धी गोष्ठीमा प्रस्तुत कार्यपत्र

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), सन् २००४, *सोसियल प्रोटेक्सन फर पिपल इन द इनफर्मल इकोनोमी अफ नेपाल, श्रृङ्खला ३* (काठमाडौँ)

-, सन् २०१५, *फेडरल डेमोक्राटिक रिपब्लिक अफ नेपाल : डिजाइन एन्ड कस्ट एसेसमेन्ट अफ फाइभ सोसियल इन्सुरेन्स स्किम्स* (अन्तर्राष्ट्रिय श्रम संगठन, नेपाल कार्यालय, काठमाडौँ)

-, सन् २०१६, *द आईएलओ इन नेपाल* (काठमाडौँ)

खनाल, डी.आर., सन् २०१२, सोसियल सेक्यूरिटी/सोसियल प्रोटेक्सन इन नेपाल : सिचुएसन एनालाइसिस (काठमाडौँ, अन्तर्राष्ट्रिय श्रम संगठन, नेपाल कार्यालय)

खनाल, एस.के., सन् २०१४, *"सोसियल प्रोटेक्सन इन नेपाल : एन ओभरभ्यू", डेभेलपमेन्ट एडभोकेट, वर्ष २, अङ्क १* मा पेज ४-७

कोहलर, जी., सन् २०११, *"सोसियल प्रोटेक्सन एण्ड सोसियो-इकोनोमिक सेक्यूरिटी इन नेपाल", आईडीएस कार्यपत्र,* वर्ष २०११, अङ्क ३७० मा (सामाजिक संरक्षण केन्द्र र विकास अध्ययन संस्थान, ब्राइटन, संयुक्त अधिराज्य) पेज ३-२०

-, सन् २०१४, "सोसियल प्रोटेक्सन इन नेपाल : च्यालेञ्जेज एन्ड आइडियाज्", *डेभेलपमेन्ट एडभोकेट, अङ्क १* मा पेज ८-१५

सामाजिक संरक्षण संरचना राष्ट्रिय सञ्चालन समिति, सन् २०१६, *सामाजिक संरक्षण संरचना (मस्यौदा),* (राष्ट्रिय योजना आयोग, काठमाडौँ)

शर्मा, वाई.एन., सन् २०१४, *"सोसियल सेक्यूरिटी फाइनान्सिङ अन्डर अ फेडेरल सेट-अप", डेभेलपमेण्ट एडभोकेट, वर्ष २, अङ्क १* मा पेज २३-२७

संयुक्त राष्ट्रसंघीय बाल कोष, सन् २०१२, *इन्टेग्रेटेड सोसियल प्रोटेक्सन सिस्टम्स : इनह्यान्सिङ इक्विटी फर चिल्ड्रेन, युनिसेफ सोसियल प्रोटेक्सन स्ट्राटेजिक फ्रेमवर्क* (न्यूयोर्क)

विश्व बैंक सन् २०१४, *इम्प्रुभिङ सोसियल प्रोटेक्सन फर द भल्नेरेबल इन नेपाल : अ रिभ्यू अफ सोसियल एसिस्टेन्स प्रोग्राम्स एन्ड एक्स्पेन्डिचर्स* (काठमाडौँ)

# परिशिष्टहरू

## परिशिष्ट - क हाल नेपालमा कायम रहेका सामाजिक सुरक्षा कार्यक्रमहरू[१०]

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| **क. सामाजिक बिमा** | | |
| कर्मचारी सञ्चय कोष | सार्वजनिक संस्थाहरु (निजामति कर्मचारी र राज्य सञ्चालित सार्वजनिक संस्थानका कर्मचारीहरु)का लागि अनिवार्य निवृत्तिभरण बचत योजना । यो कोषले तलबको १० प्रतिशत संकलन गर्छ, जसमा रोजगारदाताले समान योगदान गर्नुपर्छ। | अर्थ मन्त्रालय |
| उपदान | तीन वर्षभन्दा बढी सेवा गरेका अवकास पाउने कर्मचारीहरु आआफ्नो सेवा अवधिका आधारमा अलग-अलग दरमा उपदान पाउन योग्य हुन्छन् । | अर्थ मन्त्रालय |
| सार्वजनिक क्षेत्र निवृत्तिभरण योजना | निजामति सेवामा २० वर्षभन्दा बढी र सशस्त्र सुरक्षाकर्मीहरुमा १६ वर्षभन्दा बढी सेवा अवधि पूरा गरेकाहरुले सेवा अवधि र तलबका आधार एकमुस्ट रकम पाउँछन् । | अर्थ मन्त्रालय |
| कार्यथलोको चोटपकट बीमा | खानीक्षेत्रका कामदारहरु र १० जनाभन्दा बढी कार्यरत संगठनका कामदारहरुले सेवा अवधि र तलबका आधार एकमुस्ट रकम पाउँछन् । | अर्थ मन्त्रालय |
| नागरिक लगानी कोष | सार्वजनिक तथा निजी क्षेत्रका लागि सेवानिवृत्त बचतका लागि कर नलाग्ने लगानी योजना, यसमा सहभागिता भने स्वेच्छिक छ । यसमा सहभागिता जनाउनेहरुले न्यून ब्याजदरमा यो कोषबाट ऋण लिन पाउँछन् । | अर्थ मन्त्रालय |

[१०] या म्यापिङ सहायक स्रोतहरू- विश्व बैंक (२००९), युनिसेफ रोसा (२००९), युनिसेफ एसपीडी (२००९), यूएनसीडीएफ (२००९), ओडीआई (२००९) का प्रतिवेदनमा आधारित सूचनाका साथसाथै राष्ट्रिय योजना आयोग र सामाजिक सुरक्षा कार्यदलद्वारा संकलित जानकारीका आधारमा गरिएको हो ।

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| बाली/पशु बीमा | यो बीमा योजनाले बाली वा पशुधनको लागत मूल्यलाई समेट्दछ । सरकारले कुल बिमा प्रिमियमको ७५ प्रतिशत भुक्तानी गर्दछ । | अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय |
| सामाजिक सुरक्षा कोष | निजी क्षेत्रमा कार्यरत कर्मचारीहरूका लागि बेरोजगारी, बिमारी, सुत्केरी, कार्यथलोको दुर्घटना, परिवार तथा बालबच्चाको हेरविचार, वृद्धावस्था, आश्रित परिवार, अपाङ्गता र औषधोपचारसहितका क्षेत्रमा लाभ उपलब्ध गराउने लक्ष्यसहितको योगदानमूलक सामाजिक बीमा उपलब्ध गराउने । सामाजिक सुरक्षा कोष अहिले पनि स्थापनाकै चरणमा छ । | श्रम तथा रोजगार मन्त्रालय |

## ख. सामाजिक सहयोग

| १. नगद हस्तान्तरण | | |
|---|---|---|
| जेष्ठ नागरिक भत्ता | दलित र कर्णालीका बासिन्दाका लागि ६० वर्षभन्दा माथि (रू ५००/प्रतिमहिना) र नेपालभरि ७० वर्षभन्दा माथि (रू. १०००/प्रति महिना) थप, जेष्ठ नागरिकको औषधोपचारका लागि प्रति महिना रू. ५०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| एकल महिला भत्ता | ६० वर्ष वा सोभन्दा माथिका एकल महिला वा जुनसुकै उमेरका विधवाका लागि भत्ता (रू ५००/प्रति महिना) | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| अपाङ्गता भत्ता | पूर्ण अपाङ्गता भएका १६ वर्षभन्दा माथिका व्यक्तिलाई मासिक रू १००० र अतिअशक्त अपाङ्गता भएका व्यक्तिका लागि मासिक रू ३०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| लोपोन्मुख आदिवासी/ जनजाति भत्ता | १० लोपोन्मुख आदिवासी जनजातिको समूहका लागि भत्ता (रू ५००/प्रति महिना) | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| बाल संरक्षण भत्ता | दलित परिवारका ५ वर्षसम्मका दुई जना बालबालिका र कर्णाली सबै परिवारका दुई बालबालिकालाई मासिक २०० | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| सुत्केरी प्रोत्साहन योजना (सीसीटी) | हरेक गर्भावती महिलाले यातायात भाडाबापत रू. १००० पाउने छन् । (विगतमा तराई क्षेत्रमा रू ५०० र पहाडी क्षेत्रमा रू १००० दिने व्यवस्था थियो) । स्थानीय सरकार र सामुदायिक स्वास्थ्य केन्द्रहरूमा गर्भावती महिलाका लागि निःशुल्क परीक्षण र प्रसुती सेवा ।<br>२८ दिनसम्मका नवजात शिशुका लागि कुनै पनि स्वास्थ्योपचार खर्च लाग्नेछैन ।<br>मानव विकासका दृष्टिले न्यून अवस्थामा रहेका २५ जिल्लामा निःशुल्क प्रसुती सेवा पनि उपलब्ध छ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| जेष्ठ नागरिक स्वास्थ्योपचार कार्यक्रम | सम्बन्धित जिल्लाको सिफारिसमा ६५ वर्ष नाघेका गरिब जेष्ठ नागरिकका लागि प्रतिवर्ष रू ४,००० सम्मको निःशुल्क औषधि तथा औषधोपचार खर्च फिर्ता हुने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| विपन्न नागरिक औषधिउपभार कोष | जिल्ला समितिहरूको सिफारिसमा मुटुरोग, मृगौला, क्यान्सर, पार्किन्सन, अल्जाइमर, स्पाइनल इन्जुरी र टाउको चोटपटकका गरिब नागरिकहरूका लागि रू. १,००,००० सम्मको औषधोचार खर्च | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| एड्सबाट प्रभावित बालबालिका (सीएबीए) का लागि कोष | एचआईभीद्वारा संक्रमित बालबालिका लागि प्रति महिना रू. १,००० उपलब्ध गराइन्छ । यसका लागि ग्लोबल कोषले रकम उपलब्ध गराउँदै आएको छ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| प्राकृतिक प्रकोप आपतकालीन राहत | बाढी तथा पहिरो प्रभावित जिल्लाहरूमा नगद तथा वस्तुगत राहत सामग्री सहयोग उपलब्ध गराइन्छ । | गृह मन्त्रालय |
| द्वन्द्व प्रभावित व्यक्तिहरूका लागि नगद हस्तान्तरण | सशस्त्र द्वन्द्वका क्रममा मृतकका परिवार, घाइते, बेपत्ता पारिएका र विस्थापितहरूलाई भिन्दाभिन्दै अनुपातको रकम | शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| कर छुट र ऋण मिन्हा | महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरीब किसान, प्राकृतिक प्रकोप तथा द्वन्द्व प्रभावितहरूका लागि | अर्थ मन्त्रालय र राष्ट्रिय बैंकहरू |
| प्राथमिक शिक्षाका लागि छात्रवृत्ति | बालिका, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायका लागि प्राथमिक शैक्षिक छात्रवृत्ति । सबै दलित र बालिकाहरूलाई तीन समूहमा बाँडिएको छ । कक्षा १-८ का विद्यार्थीहरूका लागि भौगोलिक आधारमा हरेक विद्यार्थीको छात्रवृत्तिको रकम छुट्याइएको छ । | शिक्षा मन्त्रालय |

| **समूह** | **हिमाल** | **पहाड** | **तराई** |
|---|---|---|---|
| पाठ्य सामग्रीलाई मात्र | रू. २०० | रू. १७५ | रू. १५० |
| पोशाकका लागि मात्र | रू. ४०० | रू. ३५० | रू. ३०० |
| पाठ्य सामग्री र पोशाक | रू. ६०० | रू. ५२५ | रू. ४५० |

<table>
<tr><th>कार्यक्रम</th><th>लाभ</th><th>कार्यान्वयन गर्ने निकाय</th></tr>
<tr><td>माध्यम शिक्षाका लागि छात्रवृत्ति</td><td>बालिका, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदाय, द्वन्द्व प्रभावित, शहिदका छोराछोरी, मुक्त कमैया र अन्य लक्षित समूहका लागि छात्रवृत्ति ।<br>अपाङ्गताका आधारमा, कक्षा १-१० को छात्रवृत्ति
<table>
<tr><th>श्रेणी</th><th>विवरण</th><th>छात्रवृत्तिको दर</th></tr>
<tr><td>क</td><td>दैनिक घरबाट हिड्न नसक्ने र अध्ययनका लागि भाडामा बस्नुपर्ने ।</td><td>मासिक रू २५००/-, १० महिनाका लागि रू २५,०००</td></tr>
<tr><td>ख</td><td>घरबाट दैनिक हिड्नु पर्ने र अरूको सहारा लिनुपर्ने ।</td><td>मासिक रू ५००/-, १० महिनाका लागि रू ५,०००</td></tr>
<tr><td>ग</td><td>घरबाट हिड्नका लागि यातायात र अन्य सहयोगी सामग्री चाहिने</td><td>मासिक रू ३००/-, १० महिनाका लागि रू ३,०००</td></tr>
<tr><td>घ</td><td>घरबाट दैनिक हिड्डुल गर्नसक्ने ।</td><td>मासिक रू १००/-, १० महिनाका लागि रू १,०००</td></tr>
</table></td><td>शिक्षा मन्त्रालय</td></tr>
<tr><td colspan="3">२. वस्तुगत सामग्री हस्तान्तरण</td></tr>
<tr><td>सार्वजनिक खाद्य वितरण प्रणाली</td><td colspan="2">३० दुर्गम जिल्लाहरूमा अत्यावश्यक खाद्यान्न (चामल, दाल आदि) आपूर्तिका लागि नेपाल खाद्य संस्थानलाई खाद्यान्न ढुवानी अनुदान</td></tr>
<tr><td>शिक्षा तथा मातृ-शिशुस्वास्थ्य स्याहारका लागि खाद्य</td><td colspan="2">बालबालिका तथा आमाहरूलाई मध्यान्हका लागि खाना र घरका लागि खाद्यान्न तथा पौष्टिक पदार्थ उपलब्ध गराउने ।</td></tr>
<tr><td>शिक्षा मन्त्रालय</td><td colspan="2">कर्णाली अञ्चलका पाँचै जिल्ला र अन्य छानिएका ११ जिल्लाका बालविकास केन्द्र र कक्षा १ देखि ५ कक्षामा बालबालिकाका लागि विश्व खाद्य कार्यक्रमद्वारा उपलब्ध गराइएको पौष्टिकता मिश्रित मध्यान्हको खाजा (हलुवा) विद्यालयमा उपलब्ध गराइन्छ।</td></tr>
</table>

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| आयोडिनयुक्त नून वितरण | पोषणमा वृद्धिका लागि नूनको आपूर्ति | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र साल्ट ट्रेडिङ कर्पोरेसन |
| गर्भावती महिला तथा ५ वर्षमुनिका बालबालिका लागि पूरक पोषण कार्यक्रम | गर्भावती महिलाका लागि आइरन र फोलिक एसिड ट्याबलेट; ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन ए क्याप्सुल र १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकाका लागि जुकाको औषधि | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| एकीकृत बालस्वास्थ्य तथा पौष्टिकता कार्यक्रम– पौष्टिकतायुक्त पिठो वितरण | कर्णाली अञ्चलका सबै पाँच जिल्ला र सगरमाथाको सोलुखुम्बु जिल्लाका ६ देखि २३ महिनाका सबै बालबालिकाका लागि पूरक पोषण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| क्षयरोग, एचआईभी/एड्स तथा यौनजन्य सरूवा रोगहरु नियन्त्रण | क्षयरोग तथा एड्स रोगीहरूलाई पूरक खाद्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| प्रतिरक्षा | सबै बालबालिकाको रोग प्रतिरक्षा क्षमता बढाउन बीसीजी, डीपीटी, दादुरा, रूबेला र हेपाटाइटिस बीका खोपहरु स्थानीय स्तरका स्वास्थ्य केन्द्रबाट नि:शुल्क उपलब्ध गराइने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| परिवार नियोजन सेवा | सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा निःशुल्क परिवार नियोजनको परामर्श तथा सोसम्बन्धी सेवा (भ्याकेस्टोमी र ल्याप्रोस्कोपी) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| औषधि सुविधा | विभिन्न ७० प्रकारका औषधि स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्रहरूमा निःशुल्क उपलब्ध गराइने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| मुटुजन्य रोगको उपचार | ७५ वर्ष नाघेका र १५ वर्षमुनिका सबै नेपाली नागरिका लागि मुटुजन्य रोगको निःशुल्क उपचार सुविधा<br>नेपाल सरकारबाट विपन्न तथा सीमान्कृत परिवारका सदस्यहरूका लागि रू ५० हजारदेखि १ लाख रुपैयाँसम्मको औषधोपचारको सहयोग, तर यसको उपलब्धता भने मन्त्रालयको बजेटमा निर्भर रहनेछ । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| क्यान्सर तथा मृगौला रोगका स्वास्थ्य परीक्षण | स्थानीय स्वास्थ सेवा प्रदायकबाट सबै नागरिकका लागि हरेक वर्षमा एकपटक पाठेघरको क्यान्सर र मृगौलाजन्य रोगको निःशुल्क स्वास्थ्य परीक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| एचआईभी/एड्सको स्वास्थ्य परीक्षण तथा औषधि | एचआईभी संक्रमण भएको आशंकित व्यक्तिका लागि स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्र वा जिल्ला अस्पतालमा निःशुल्क स्वास्थ्य परीक्षण र स्वेच्छिक परामर्श | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| **३. सार्वजनिक कार्य** | | |
| ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | छानिएका २१ जिल्लाहरूमा खाद्य सुरक्षाका लागि स्व-लक्षित सार्वजनिक निर्माण कार्यक्रमहरू; मुख्यतयाः ग्रामीण सडकहरू, लघु-आयोजनाहरू र जनजीविका सहयोग कार्यक्रमका लागि अदक्ष र अर्द्ध-दक्षतायुक्त कामहरू | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| कर्णाली रोजगार कार्यक्रम | कर्णाली अञ्चलका सबै पाँच वटै जिल्लामा १०० दिन रोजगारी प्रत्याभूत गर्ने योजनाः यसका लागि परिवारका कुनै पनि सदस्य रोजगार नभएकाहरु योग्य हुन्छन् | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |

**ग. सामाजिक हेरचाह तथा सेवा**

| | | |
|---|---|---|
| १. हेरचाह सेवाहरु | | |
| बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र महिलाका लागि सामाजिक हेरचाह | जेष्ठ नागरिक र अनाथ–असहाय बालबालिकाका लागि आवासीय सुविधासहितको सामाजिक कल्याण केन्द्रहरु र अन्य कल्याणकारी कार्यक्रमहरु | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |

**घ. श्रम बजार हस्तक्षेप**

| | | |
|---|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम (टीभीईटी) | विपन्न तथा अपाङ्गता भएका व्यक्तिका लागि सीपमूलक तालिमहरु | शिक्षा मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय |
| युवा स्वरोजगार कोष | १८ देखि ५० वर्षसम्मका सबै बेरोजगार व्यक्तिहरुका लागि व्यावसायिक कृषि, कृषिजन्य उद्योग वा सेवा क्षेत्रमा स्वरोजगार बन्नका लागि रू. २,००,००० सम्मको धितोरहित ऋण | अर्थ मन्त्रालय |
| दलित र विपन्न किशोरी/ युवतीहरुका लागि प्राविधिक शिक्षा | सीपमूलक तालिमहरु | शिक्षा मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| वैदेशिक रोजगारी प्रबर्द्धन बोर्डअन्तर्गतका योजनाहरु | विदेशी भूमिमा करार अवधिमा मृत्यु भएका आप्रवासी कामदारका परिवार वा घाइते भएमा रू. १,५०,००० (शब ल्याउनमा सहयोगसहित) र विदेशमा फसेका आप्रवासी कामदारका लागि उद्धार कार्य । | |

**ङ. अन्य**

| | | |
|---|---|---|
| लक्षित समूहलाई निःशुल्क औषधोपचार | विपन्न, १५ वर्षमुनि र ७५ वर्षमाथिका, लोपोन्मुख आदिवासी जनजातिलाई क्यान्सर, मुटु रोगको उपचार र मृगौला रोगमा डायलाइसिसमा निःशुल्क सेवा | स्वास्थ्य तथा जनसंख मन्त्रालय |
| अपाङ्गगता भएका व्यक्तिहरुका लागि विशेष व्यवस्था | सार्वजनिक यातायात भाडा र आन्तरिक उडान शुल्क ५० प्रतिशत छुट र कम्तिमा एउटा सिट आरक्षित | भौतिक पूर्वाधार तथ यातायात मन्त्रालय |
| | सरकारी अस्पतालहरुमा अपाङ्गगता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य परीक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| | निजामति सेवामा ५% र निजी क्षेत्रका कम्पनीहरुमा ४% आरक्षण (अपाङ्गगता संरक्षण र कल्याण ऐनअनुसार) | गृह मन्त्रालय |
| | अपाङ्गगता भएका व्यक्तिका लागि विशेषरुपमा बनाइएको चार पाङ्ग्रे स्कुटर र सहयोगी सामग्रीहरुमा भन्सार मिन्हा | अर्थ मन्त्रालय |

| कार्यक्रम | लाभ | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|
| जेष्ठ नागरिकहरूलाई सार्वजनिक सवारीमा विशेष व्यवस्था | सार्वजनिक यातायात भाडा र आन्तरिक उडान शुल्क ५० प्रतिशत छुट र कम्तिमा एउटा सिट आरक्षित | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| करमा छुट र ऋण मिन्हा | सन् १९९४ भन्दा अगाडि किसानहरूले कृषि विकास बैंकबाट लिएको रू. ४०,००० भन्दा बढीको ऋणमा हर्जाना ब्याज मिन्हा (२००८ मा) र सन् २००९ मा महिला, दलित, विपन्न किसान, प्राकृतिक प्रकोप र द्वन्द्व प्रभावितहरूका लागि यस्तै अर्को योजना; | अर्थ मन्त्रालय |
| जनता आवास कार्यक्रम-अनुदानयुक्त घरहरू | तराईका तीन जिल्लाहरूमा १०० दलित तथा मुश्लिम परिवारका लागि न्यून मूल्यका घरहरू | |
| लघु बीमा सहयोग कार्यक्रम (अर्थ मन्त्रालय) | निक्षेप तथा कर्जा सुरक्षण निगमलाई अनुदान, जसले (क) लघुवित्त तथा विपन्न क्षेत्र कर्जा (ख) साना तथा मझौला उद्योग कर्जा र, (ग) पशुपालन कर्जाका लागि अनुदानित कर्जा उपलब्ध गराउँछ । | अर्थ मन्त्रालय |

## परिशिष्ट ख : परामर्श गरिएका निकायहरु तथा विशेषज्ञहरु

**श्रीमती आभा श्रेष्ठ कर्ण,** सहसचिव, श्रम तथा रोजगार मन्त्रालय

**श्री अनिल गुरुङ,** कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष

**श्री विष्णुप्रसाद लम्साल,** सचिव, श्रम तथा रोजगार मन्त्रालय

**श्री भुवनबज्र बज्राचार्य,** परामर्शदाता, शिक्षा मन्त्रालय

**श्री डिल्लीराज खनाल,** अर्थविद्

**श्री इन्द्रदेव मिश्र,** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)

**श्री किरण रूपाखेति,** उप-सचिव, महिला, बालबालिका तथा सामाजिक कल्याण मन्त्रालय

**श्री कृष्णप्रसाद आचार्य,** प्रमुख कार्यकारी अधिकृत, कर्मचारी सञ्चय कोष

**श्री मधुकुमार मरासिनी,** सह-सचिव, राष्ट्रिय योजना आयोग

**श्री राजन खनाल,** राजस्व सचिव, अर्थ मन्त्रालय

**श्री रामप्रसाद पोखरेल,** प्रमुख कार्यकारी अधिकृत, नागरिक लगानी कोष

**श्री रामप्रसाद पुडासैनी,** सह-सचिव, अर्थ मन्त्रालय

**श्री रमेश बडाल,** अधिवक्ता

**श्री सञ्जयकुमार खनाल,** सह-सचिव, शान्ति कोष

**श्री शालिग्राम रिजाल,** केन्द्रीय पञ्जिकरण विभाग,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**श्री शिवनाथ पौडेल, प्रमुख,** निवृत्तभरण व्यवस्थापन कार्यालय

**श्री युवराज खतिवडा, उपाध्यक्ष,** राष्ट्रिय योजना आयोग

## नेपालको सामाजिक सुरक्षा क्षेत्रबारे विश्लेषणात्मक जानकारी पत्र

नेपालको कूल श्रमशक्तिको ९० प्रतिशत कामदार तथा कर्मचारीहरु असंगठित र अनौपचारिक क्षेत्रहरुमा काम गर्दछन । दुर्भाग्य, कुनै पनि सामाजिक सुरक्षा कार्यक्रमले उनीहरुलाई समेट्दैन । सामाजिक सुरक्षाका सेवासुविधाहरुबाट मुश्किलले कूल जनसंख्याको २७.३ % प्रतिशतले फाइदा लिन सकेका छन् ।

सामाजिक बीमाका कार्यक्रमहरुले औपचारिक क्षेत्रका कामदारहरुलाई मात्र सेवा पुऱ्याएका छन् । यिनीहरुमा निबृत्तभरण तथा उपदान, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष लगायत अपागंता, सुत्केरी बिदा, कार्यस्थल सम्वन्धि चोटपटक, अस्वस्थता तथा आश्रितहरुका लागि सुविधा पर्दछन । निबृत्तभरण, उपदान र रकम प्रदान सामान्यत राजश्व करबाट बहन गर्ने गरिएको छ ।

सामान्य प्रकृतिका यी कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षाको रुपमा प्रदान गरिने रकम हस्तान्तरण, जिन्सी हस्तान्तरण, प्राथमिक स्थास्थ्य सेवा र प्राथमिक शिक्षा पर्दछन । श्रम बजार अर्न्तगत कर्णाली अञ्चलमा रोजगार कार्यक्रम, दुर्गम क्षेत्रमा सामुदायिक संरचना सहयोग, प्राविधिक तथा व्यावसायिक तालिम, सीप तथा व्यावसाय विकास कार्यक्रमहरु, बालश्रम उन्मूलन तथा श्रम सुधार कार्यक्रमहरु रहेका छन् । सामाजिक सुरक्षाका लागि मात्र चालु बजेटको १५ प्रतिशत खर्च हुन्छ जसका लागि श्रोतसाधन गहन सवालको विषय रहेको छ र रहिरहने देखिन्छ ।

त्यसैले पनि रोजगारीको अवधिभित्रै कामदारहरु र स्वरोजगारमा रहेकाहरुले सामाजिक सुरक्षाका सेवासुविधाहरुको सुधार र विस्तारका लागि योगदान गर्नु निकै बान्छनीय देखिन्छ ।

कुनै व्यवस्थित नीतिगत ढाँचा बिनै एकपछि अर्को गरि सामाजिक सुरक्षाका कार्यक्रमहरु बिगतमा सञ्चालनमा ल्याइए । आफ्नै नीति, बिनियमावली, निर्देशन र निर्देशिकाबाट सञ्चालित हुने यस्ता कार्यक्रमहरुलाई कार्यान्वयन तथा अनुगमन गर्ने संस्थागत रणनीति अहिलेसम्म पनि कुनै छैन । त्यसैले पनि प्रस्तावित सामाजिक सुरक्षा विधेयक पारित हुन सकेमा यसले नीजि क्षेत्रलाई पनि समेटेर समग्र सामाजिक सुरक्षा प्रणाली लागु गर्ने अवस्था सिर्जना हुने आशा गर्न सकिन्छ ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)**
पोस्ट बक्सः ८९७१
धोबिघाट–नयाँ बाटो, ललितपुर, नेपाल
फोनः ९७७–१–५५५५७७७, ५५५०६९१
फ्याक्सः ९७७–१–५५५०७१४
इमेलः kathmandu@ilo.org
वेबसाइटः www.ilo.org/kathmandu

DECENT WORK
A better world starts here.

9789221289579